
# भैरव अर्यालका हास्यव्यङ्ग्य

भैरव अर्याल

## गलबन्दी



# भूमिका

घ्याम्पे भुँडीको विपक्षमा जयगानको फलाको उरालेर र अल्छे शरीरमा बेस्मारी काउकुती लाएर भैरव अर्यालले हास्यव्यङ्ग्यलेखकका रूपमा आफ्नो कीर्तिपताका निक्कै रमाइलोसित पहिल्यै फरफराइसक्नुभएको थियो । उनै रमाइला लेखन्ते फेरि सबै पाङ्दुरे मुखुन्डाहरूको आन्द्राभुँडी धुतेर सत्यलाई नङ्ग्याउन र असत्यलाई उदाङ्गो पार्न सुरिनुभएको छ ।

यसरी नै उत्तरदायी कलाकारले सचेत रूपले समाजका मैलाहरूलाई उधिनेर देखाइदिन्छ र ती मैलाहरूलाई मिल्काउने सङ्केतले सुतेकाहरूलाई अगुल्टाले झैँ झोस्तै बिउँझाउँछ । लासवादी साहित्यको थुप्रोले निसास्सिएको नेपाली वातावरण अर्यालजस्ता भित्तो पुऱ्याएर सत्यको पक्षमा कुर्लन सक्ने थोरै मात्र साहित्यकार नभइदिए कहालीलाग्ने हुने थियो । उहाँ निर्धक्क भन्नुहुन्छ– "हो त नि यहाँ कसले के छोपेको छैन ? टेरिलिनको सूटले दाउरिएको आङ छोपिन्छ, एक बट्टा पाउडरले चाउरिएको छाला छोपिन्छ, डिग्रीको साइनबोर्डले दिमागको गोबर छोपिन्छ, मानको पगरीले बेइमानको घ्याम्पो छोपिन्छ, मैत्रीको जालले ब्वाँसाको राल छोपिन्छ ।"

हास्यलेखको मूल उद्देश्य हँसाउनु होइन । यसले हँसाउने आवरणभित्र जीवनका गूढतम रहस्यहरूको उद्घाटन गर्छ । यस दृष्टिकोणले हेर्दा अर्याललाई सफल हास्यकार मान्नुपर्छ । उहाँभन्दा अगाडिका लेखकहरूमा केही कृत्रिमता जबरजस्ती ठोकठाक पारेर हँसाउने मूल उद्देश्यको निम्ति मिलाइएको बोध हुन्थ्यो । अर्यालका लेखहरूमा भने अनुप्रासबाट उत्पन्न हाँसोसमेत स्वाभाविक प्रवृत्तिकै रूपमा प्रकट हुन्छ । यस स्वाभाविकताले गर्दा नै अर्याल आजसम्मका हास्यलेखकहरूभन्दा बढी सफल, बढी प्रभावशाली र बढी जनप्रिय हुन पुग्नुभएको छ ।

अर्यालको शैली आकर्षक हुन्छ । झर्रो नेपाली भाषाका शब्दहरूलाई

अत्यन्त उपयुक्त ठाउँमा उहाँ प्रयोग गर्नुहुन्छ। 'उडाउनु' सित एकछिन उड्दा' मा नेपाली क्रिया 'उडाउनु' का विभिन्न अर्थको व्याख्या गर्दै हास्यको साह्रै राम्रो भाषिक उदाहरण लेखकले दिनुभएको छ। वास्तवमा शब्दढुकुटीको ज्ञानबाट वञ्चित हाम्रा बहुसङ्ख्यक लेखकहरूको बीचमा शब्दज्ञानले भूषित थोरै चम्किला नक्षत्रहरूमध्ये एक हुनुहुन्छ भैरव अर्याल। हुन त हास्यको क्षेत्रमा अरूले पनि प्रवेश गरेका छन् तापनि तिनको मूल उद्देश्य झर्रा शब्दहरूलाई टर्रा प्रमाणित गर्ने रहेकाले अर्यालको जस्तो हास्यलाई व्यापक क्षेत्रमा साधारणीकरण गर्ने क्षमता तिनीहरूमा पाइन्न। ती हास्यमा जबरजस्ती हँसाउने जमर्को र तुच्छ व्यङ्ग्य हुन्छन् तर अर्याल त्यस्तो व्यङ्ग्यलाई मन पराउनुहुन्न। अर्यालको व्यङ्ग्य चित्तबुझ्दो, फराकिलो र स्थायी हुन्छ। उदाहरणको लागि अर्यालको यस व्यङ्ग्यलाई लिन सकिन्छ, "निरस्त्रीकरणको प्रस्ताव एउटा गलबन्दी हो– आणविक गाँडको। शान्तिवार्ता एउटा गलबन्दी हो– करतुत र कुचक्रका गाँडको। यसरी सोच्तै ल्याउँदा ऊ ठम्याउँछ– ऊ मात्रै होइन, उसको समाजै गँडचाहा छ, उसको युगै गँडचाहा छ। आफू चुत्थो मान्छे भएकोले साह्रै ठूलाको कल्पना गर्न सक्तैन र मात्रै, नत्र ऊ यो पनि ठान्दो हो– यो विश्व नै ब्रह्माण्ड नभई ब्रह्मगाँड होला। पृथिवी त्यस गाँडमाथिको खटिरा, अरू हुन सक्छ– मान्छेचाहिँ त्यस खटिराभित्रका कीरा।"

'गलबन्दी' निबन्धले एकातिर तुलेगाँडोको विवशतालाई अघि तेर्स्याएर हामीलाई मरीमरी हँसाउँछ भने अर्कातिर दोष, कुरूपता र अयोग्यता लुकाएर गुण, रूप र योग्यताको पगरी गुत्ने फटाहाहरूको आन्द्राभुँडी केलाएर सत्यको उद्घाटन व्यङ्ग्यात्मक रूपले गर्छ। 'टाउको' अथवा 'आलु' जस्ता मामुली विषयहरूलाई लिएर पनि लेखकले एक प्रकारले हाम्रो स्वाँगे र पाखण्डी समाजको चित्तबुझ्दो चित्र उपस्थित गर्नुभएको छ। 'मान्छे मोडेल १९६७' र 'पच्चीसौं शताब्दी अङ्गप्रत्यङ्गमा' ले वैज्ञानिक कलपुर्जाले हाम्रो जीवनमा ल्याएका यान्त्रिकताको व्यङ्ग्यात्मक दृश्य देखाउँछन् भने 'सातसूत्रीय साहित्यदर्पण' ले हाम्रो साहित्यिक क्षेत्रका साइँदुवाहरूको राम्रो झाँको झारेको छ।

अर्यालका हास्यलेखहरूलाई दुई तहमा हेर्न सकिन्छ। बाहिरी तहमा ती हँसाउन लेखिएका हुन् तर हँसाउने उद्देश्यबाहेक अर्को उद्देश्य लेखकको छ। यसको भित्री तहमा उहाँ सामाजिक अन्याय र शोषणलाई उदाङ्गो पार्नुहुन्छ। 'साँढे' शीर्षक निबन्ध बाहिरी तहमा साँढेसम्बन्धी हास्य मात्र हो

तर भित्री तहमा यसले विश्वका मै हुँ भन्ने घमन्डीहरू, चाकरीवाला, मपाईंवादीहरू र बुद्धिहीन ढँटुवारेहरूका कार्यहरूलाई विश्लेषण गरेर मानवतावादको स्थापना गर्न खोजेको छ। 'चुरोट केही झिलिमिली संस्मरण' मा पनि दुई तह छन्। मामुली चुरोटको तलतलबाट यस निबन्धले उँभो उठेर मानवका मानसिक कमजोरीहरूलाई साह्रै राम्ररी प्रकट गरेको छ। मान्छे अर्कालाई उडाउँछ अनि आफैं उडेको चाहिं पत्तो पाउँदैन र 'ए ज्या भुसुक्कै !!!' भन्दै आफ्ना कमजोरीहरूलाई लुकाउँछ। अर्यालले यिनै मानवका विश्वव्यापी कमजोरीहरूलाई ढन्डेसो खुस्कुन्जेलको व्यङ्ग्य गर्नुभएको छ।

जे होस्, यो सँगालोले सिद्धहस्त हास्यव्यङ्ग्यकारको प्रशंसनीय प्रतिनिधित्व गर्दै हामी पाठकहरूलाई रसिला उपमाहरू, अनौठा तर सुन्दर भनाइहरू र सफल कलात्मकताको भोज प्रस्तुत गर्छ। हाम्रो समाजको यथार्थ र कलात्मक चित्रण नडराई गर्ने अर्याल यसरी हाम्रो हृदय जित्न सफल हुनुभएको छ।

हास्यव्यङ्ग्यको क्षेत्रमा कौवा प्रकाशनले गरेका सुनौला कार्यहरूमा यस सङ्कलनले अवश्य नै केही सुगन्ध त थप्ने नै छ भनेर म फुरुङ्ग छु।

जमल, काठमाडौं
१८.४.१९६९

**तानासर्मा**

(प.सं. बाट)

# नवौं नवकोसेली

अर्यालज्यूले कविता नलेख्नुभएको होइन, दुई-चारओटा तक्मै झुन्ड्याउनुभएको छ। लेख-निबन्ध नलेख्नुभएको होइन, त्यस्तै लेखेर जीवन धान्नुभएको छ। तर पनि मान्छे उहाँलाई बढी चिन्छन्– हास्यव्यङ्ग्यकारको नाताले। उहाँका हास्यव्यङ्ग्यहरूको सङ्कलन **काउकुती** र **जय भुँडी**ले पाएको लोकप्रियताकै लोभले हामी उहाँको यो तेस्रो सङ्ग्रह प्रस्तुत गर्दै छौं– **गलबन्दी**। फुकाएर हेरे यहाँ जीवन र जगत्का अनेकौं विसङ्गतिका गाँडहरू देखिन्छन् र ती गाँडमाथि आधुनिक युगले उमारेका पुत्लेपाङ्रे फोकाहरू देखिन्छन्। यो देख्ता भैरवको हास्यव्यङ्ग्यबारे कृष्णचन्द्रसिंहले भन्नुभएको कुरा मान्न कर लाग्छ– "...राँकोको उज्यालोमा दसै अवतार पर्दामा टाँगिन्छन्, भैरवको छुवाइमा नेपालीको आधुनिक जीवन व्यक्तिन्छ। पर्दा बोल्दैन, इतिहास लाटिन्छ, मूक जनता मन बहलाई आत्मसन्तोष गर्छन्; तर भैरवका व्यङ्ग्यले मथिङ्गल धुन्छ। सामाजिक बिकृति र विरोधाभासहरू उपहास भई नाङ्गिन्छन्। जीवनको छन्दहीन व्यथाप्रति सहानुभूति व्यक्तिन्छ।" हुन पनि अर्याल ग्रामीण वा अश्लील खालका ठट्टा गरेर बलात्कार हँसाउन खोज्नुहुन्न, न त कुनै व्यक्तिलाई गिज्याएर लेख्नुहुन्छ। इन्द्रबहादुर राईले उहाँको **काउकुती** छुँदै लेख्नुभएको छ– "अर्यालको व्यङ्ग्य कसैलाई ताकेर होइन, केहीलाई ताकेर हुन्छ।"

चिन्तनशील कवि र युगअवस्था बुझेको पत्रकार भएर पनि होला, हास्यव्यङ्ग्यको परिवेशलाई अर्यालले सधैं हिपटाइट र ठाडो टुपीमा मात्रै अलमल्याउनुभएन। **गलबन्दी**मा उहाँ राष्ट्रिय, अन्तर्राष्ट्रिय जीवनका विभिन्न पक्षमा ओढाइएका वाघबुट्टे गलबन्दीहरू फुकालेर चियाउन पुग्नुभएको छ। अणुबम र अपोलो, मानवताको नारा र काला-गोराको जातिभेद, हैजा लागेको बूढो र मुटुको परिवर्तनसम्म उहाँले कलमको सुइरो चलाउनुभएको छ। कवित्वले उहाँको शैली सजिएको छ। व्यापकताले बौद्धिकता नअँगाली सुख

पाएको छैन । त्यसैले सस्तो हाँसो खोज्नेहरूले यहाँ केही पाउन नसक्लान्, तर बुद्धिजीवीहरूले पक्कै रुचाउलान् भन्ने हामीले आशा गरेका छौं ।

यही आशामा दसतिर छरिएका निबन्धहरू बटुली यसलाई सङ्ग्रहको रूप दिनु हामीले आवश्यक ठानेका छौं । कौवा प्रकाशनको उद्देश्य नै नेपाली हास्यव्यङ्ग्यसाहित्यको सेवा गर्नु हो । मात्रा बढाउन होइन, स्तर बढाउन पनि प्रकाशनले धेरै कुरा गर्नु छ । यसभन्दा अघिका प्रकाशनलाई झैँ यसलाई पनि प्रेम गरिदिनुभए प्रकाशनको हौसला अझ बढ्नेछ ।

यसको सङ्कलन र प्रकाशनको निम्ति अनुमति दिनुहुने लेखकलाई, भूमिका लेखिदिनुहुने तानासर्मालाई र व्यङ्ग्यचित्रको निमित्त पारिवारिक मित्र टेकवीर मुखियालाई प्रकाशन धन्यवाद टक्र्याउँछ ।

यसमा सङ्ग्रह गरिएका टुक्राहरू पहिले प्रकाशित गर्ने **रमझम**, **रूपरेखा**, **रचना**, **रत्नश्री**, **अर्पण**, **प्रतिबिम्ब**, **सगुन** पत्रिकाहरूप्रति पनि प्रकाशन आभार प्रकट गर्दछ ।

**आत्मदेव शर्मा**
प्रोप्राइटर, कौवा प्रकाशन
ढुङ्गाअड्डाबजार, काठमाडौं ।

आज
असारको पन्ध्र
२०२६

(प.सं.बाट)

# 'उडाउनु' सित एकछिन उड्दा



एउटा देशले भूउपग्रह उडाएकै दिन मेरो घरमा बिरालाले दूध उडाइदिएछ । सन्जोग पनि कहिलेकाहीँ कस्तो पर्छ भने एउटा बिनसित्तिको कुराले पनि एकछिन सित्तैं अलमल्याइदिन्छ । न त्यो देश र बिरालामा कुनै सम्वन्ध छ, न भूउपग्रह र दूधमा समानता । तर क्रियाचाहिँ दुइटैले एउटै गरे– उडाइदिए । भूउपग्रह उडाउन कैयौंको साधन र साधना लाग्यो, तर बिरालालाई दूध उडाउन न साधनको नाममा एउटा चम्चा चाहियो, न साधनाको नाममा केही चालचुल । तर यी दुवै कामलाई उडाउनु नै भनिन्छ भने उडाउने क्रियालाई महत्त्वपूर्ण भन्ने कि मामुली ? यो पनि एउटा प्रश्न हो । तर कस्तो केटाकेटी प्रश्न ? यो त एउटा भाषाको चमत्कार मात्र हो । हाम्रो देशमा एउटा मान्छेका दसोटा सिद्धान्त भएझैं हाम्रो भाषामा एक

शब्दका अनेक अर्थ हुन्छन् । उदाहरणको लागि आफ्नो लभ परेको दिन आफ्नो नजिकको नातादारको जुठो परेको हुन्छ । जीवनको असङ्गति भनेको यही न हो ? त्यसैले बिरालाको दूधउडान र त्यस देशको भूउपग्रहको उडानमा पक्क पर्नुसट्टा अर्को कुनै महत्त्वपूर्ण समस्यामा विचार गर्नु राम्रो । मन अर्को विचारणीय समस्या खोज्न थाल्छ, तर मगजको तन्तु हल्लाउँदै एउटाले प्वाक्क सुनाउन आउँछ– "रामबहादुरले त सीतादेवीलाई उडाएछ नि बुझिस् ?" रामबहादुरले सीतादेवीलाई क्यारेभलमा राखेर ब्याङ्कतिर उडाएको हो कि पछ्यौरामा तानेर भण्डारकोठातिर कुदाएको हो– त्यो दुबिधामा अलमलिँदै नअलमलिई म साथीसित सोध्छु– "उडाएछ ? कसरी थाहा पाइस् ?" ऊ थप्छ– "अहिले त्यहीं रेस्टुराँमा सबै ठिटाहरू रामबहादुरलाई उडाउँदै थिए ।" अब भएन के ? एकै दिनमा सुन्नुपरेका यी चार उडानका समाचारहरूबाट बुझेको सानो क्षितिजमा कौतूहलको चारचोसे विमान फन्का मारीमारी उड्न थाल्छ–

अन्तरिक्ष जान संलग्न देशले भूउपग्रह उडायो ।  
बिरालाले दूध उडायो ।  
रामबहादुरले सीतादेवीलाई उडायो ।  
ठिटाहरूले रामबहादुरलाई उडाए ।

उडाउनुको यसै फन्कोमा कान्छाले बेलुन उडाएको, ठाईंलाले चङ्गा उडाएको, काइँलाले गाँजा उडाएको, साहिँलाले परेवा उडाएको, माहिलाले तहबिल उडाएको, जेठाले सर्वस्व उडाएको सम्झना पनि फन्कामाथि फन्का थप्तै उड्न थाल्छन् । अनि म फेरि छक्क पर्छु– कति विचित्र क्रिया छ यो उडाउनु !

तर छक्क पर्ने कुरा पो के रह्यो र ? प्रकृतिले पक्षपात गरेर मान्छेलाई पखेटा दिएन । त्यसै झोकमा होला, उसले उड्नु र उडाउनुका अनेकौं क्रियाहरू सिक्न थाल्यो । उड्नुमा भन्दा उडाउनुमा आफ्नो पुरुषार्थ व्यक्त हुने देख्न थाल्यो । अझ भनूँ भने प्रकृतिले त उडाउनलाई प्वाँख र पखेटा नभई नहुने गराएथ्यो, तर मान्छेले मान्छेलाई बिनापखेटा हावामा पनि उडाइदिन लाग्यो, हाहामा पनि उडाइदिन लाग्यो । त्यसैले एपोलो र सोयुजका उडान सफल भएकै ताका आफ्नो घ्याम्पोउडान असफल भएर मध्यटुँडिखेलमा अग्निकाण्ड परे तापनि नेपालीहरूसमेत उडाउने काममा पछि परेका छैनन् । भनूँ भने उडाउने क्रियामा नेपालीहरू अरू दुई पाइला अगाडि नै छन् भन्ने

मेरो धारणा छ; किनभने प्रकृति प्वांख र पखेटा खोजिरहोस्, विज्ञान अक्सिजन र नाइट्रोजन जोडिरहोस्, हामी कुरैकुरामा कैयौं कुरा भुर्र उडाइदिन्छौं । हाम्रो भाषा स्वयं कति वैज्ञानिक छ भने उडाउने क्रियामै उसले सयौं प्वांख र पखेटाहरू जोडिराखेको छ, त्यसैले कसैले चाहेमा यहाँ पच्चीस पैसामा जुँगादाह्री उडाउन सक्छ, सोह्रठाडीमा घरबारी उडाउन सक्छ; अलिकति भेटीघाटीले एउटा गजबको ठेकदारी उडाउन सक्छ; एक-दुई जनाले धर्म छाडे एक-दुई हजारको धर्मभकारी उडाउन सकिन्छ । उडाउनुलाई यति व्यापक र बहुउद्देश्यीय गराई आफ्ना कैयौं क्रियाप्रतिक्रियासित सम्बद्ध राख्न नेपालीहरूले कम श्रम र समय खर्चेका छैनन् । त्यसैले एउटा कागतको घ्याम्पो उडाउन असफल हुँदैमा हामीले आफूलाई उडाउन नजान्ने भनी आत्मग्लानि लिनु पर्दैन । हावामा उडाउने प्रतियोगिता अमेरिका र रूसले गर्दै रहून्, हाहामा उडाउने विज्ञानको लागि विश्वले नेपालबाट धेरै कुरा सिक्न बाँकी नै छ ।

उडाउने काम गर्न वैज्ञानिकहरूलाई विमान र वेधशाला नभई हुँदैन, तर हाम्रा ऋषिमुनि मन्त्रैमन्त्रले पहाड उडाइदिन्थे रे, हाम्रा गुभाजूहरू तन्त्रमन्त्रले हाड उडाइदिन्थे रे । त्यसैले मान्छे जाबालाई उडाउन विमान र वेधशालाको के खाँचो ? आजको युगमा मन्त्रतन्त्रको खोजीनिती भन् कल्ले गरिरहोस् ? हो, कसैलाई मेचैसमेत उडाइदिनु छ भने यसो चुक्लीसुक्ली लगाइदिए भइहाल्यो, होइन; सामान्यलाई सामान्यै किसिमबाट उडाउनचाहिँ त दुई चुच्चाको एक जमघट भए जत्ति भने पनि पुग्छ । त्यसैले धारामा होस् वा चौतारामा होस्; सडकको पेटीमा होस् कि रेस्टुराँको कुर्सीमा होस्, हामी चुच्चैचुच्चा मिलाएर एउटा विचित्र वेधशाला बनाउन सक्छौं र धमाधम मान्छे उडाउन सक्छौं ।

उडाइने मान्छे भोजपुरमा होस् कि भक्तपुरमा होस्, भोज खान लागेको होस् कि भोकै मर्न आँटेको होस्, उसको उपस्थितिबिना नै उसलाई भुर्र उडाइदिन सक्नु हाम्रो उडानको अद्वितीय विशेषता हो । अर्को विशेषता के छ भने जुन बेला तपाईं अर्कालाई उडाइरहनुभएको हुन्छ, त्यसै बेला तपाईंलाई अर्कोले उडाइरहेको हुन्छ । त्यसैले यो उडानमा जति आनन्द आउँछ, उडाउनेले नै पाउँछ, उड्ने बिचराले कहाँकहाँ कसकसले कसरीकसरी आफूलाई उडाउँदै छन् भन्ने कुराको सुइँको पाउँदैन । उडाउने कलामा अशिक्षित र गाउँलेहरूभन्दा सभ्य र शिक्षितहरूले बढी सफलता पाउनु स्वाभाविकै हो, किनभने आजको शिक्षा र सभ्यता नै गराइदिनुमा भन्दा उडाउनुमा बढी लहसिएको छ । त्यसैले

तपाईं मलाई उडाउनुहुन्छ, म तपाईंलाई उडाउँछु । हामी दुवै जनाको भेट भए फलानालाई उडाउँछौं । उड्नु र उडाउनुको यस अभियानमा घरको तरकारी समस्यादेखि अफिसको सरकारी फाइलसम्म न केहीको पीर, न कसैको परवाह ! अरूलाई उडाउँदा पाइने एउटा गुलियो रसमा रसना रसाउँदै एकैछिन हल्ल हाँस्न पाइन्छ; आफ्नो अहंमा एक थप्की लगाउँदै बाँच्नुको मजा चाख्न पाइन्छ ।

यो त भयो अनुपस्थितिमा उडाउने कुरा । कोही मान्छे अघिल्तिरै उपस्थित छ र उसलाई उडाउनु छ भने थाल्नोस् तपाईं उसको तारिफ गर्न । उसको टोपीको टुप्पो सगरमाथाको जस्तो छ कि गौरीशङ्करको जस्तो छ ? त्यसको बयानबाट सुरु गरी अन्त्यमा भनिदिनुहोस्– "चाहेको भए तपाईं उहिल्यै केके भइसक्नुहुन्थ्यो !" यो दिव्य वचन सुन्नासाथ ऊ आफ्नो भित्र-बाहिर हेर्दै नहेरी अहंका पखेटा फटफटाउन थाल्छ र एकैछिनमा भारहीन भएर स्वयं उड्न थाल्छ– "प्रधानमन्त्रीसम्म पाएको भए सोच्नुहुन्थ्यो, मन्त्री जाबो को भइरहोस् !" तपाईं थपिदिनुहोस्– "यहाँजस्तो योग्य व्यक्तिले मन्त्री मात्र हुनु त नसुहाउने नै कुरा हो !" अनि ऊ झन् अकासिन्छ र आफूबाहेक सबैलाई लम्फूलम्फू देख्न थाल्छ । तर आफूलाई कति हाइलम्फू ठानेर उडाउँदछन्, बिचराले पत्तै पाउँदैन । उडाउने योचाहिँ कलामा उड्नेले आत्मतृप्तिको महँगो मेवा पाउँछ, उडाउनेले मनोरञ्जनको सितनस्वरूप सके दुई घुट्को जाँडै पाउला नसके एक तुर्को चिया कतै नजा !

त्यसैले, मर्सिडिज कारले कसैका आँखासम्म धूलो उडाओस् वा शिक्षित बेकारले एक थाल भातबाट दुई थाल झिँगा उडाओस्– उडाउनु भनेको वास्तवमा उडाउनु नै हो । यी सबै हेरिल्याएको खण्डमा बीसौं शताब्दी उडाउने युग हो । राकेट उडाउनेदेखि पाकेट उडाउने कलासम्ममा आज जति प्रगति भएको छ, त्यति पहिले कहिल्यै थिएन । हिरोशिमा उडाउनेदेखि लिएर साँधसीमा उडाउनेसम्मका सयौं उडान पृथिवीमा भएका छन् भने चन्द्रदेखि मङ्गलसम्मका कैयौं उडान अन्तरिक्षमा भएका छन् । तर मलाई सोध्नुहुन्छ भनेचाहिँ, आधुनिक उडानको इतिहास हनुमान्देखि सुरु हुन्छ । हनुमान्ले द्रोणाचल उडाए भने उनका वंशज वानरहरूले पशुपतिको पूजासामा उडाउनुमा के आश्चर्य; वानरले देवताको पूजासामा उडाउँछ भने वानरबाट विकसित नरले पृथिवी नै उडाउनुमा के दोष ?

**रमझम**बाट

# चुरोट : केही झिलिमिली संस्मरण

एकातिर बैंसदार मायालुको ओठ, अर्कोतिर गैंडामार एक कित्ता नोट, माझमा एक बट्टा मोटरमार चुरोट– यी तीनै थोक अहिले अगाडि परे भने पहिले म कुनचाहिँ टिपुँला ? निद्राविहीन एक रात बाह्र-एक बजेतिर मेरो दिमागमा एउटा प्रश्न गुजुल्टचो । निकैबेर झ्यालको डँडाल्नीमा ट्वालट्वालती हेरेर तरङ्गिएपछि एक्लै खिसिक्क ओठ फुस्क्यो– कहाँ पालिसदार हीरा, कहाँ फुसिलकीरा ! जाबो दुईपैसे चुरोटको पनि कहीँ बैंसदार ओठ र गैंडामार नोटसँग तुलना हुन सक्छ ? धत्, बहुला कहाँको !! मैले आफैँलाई हप्काएँ, तर हप्काउँदाहप्काउँदै मानौँ नाइटैदेखि तुलबुलीको एउटा कस्तो मुस्लो उठ्यो भने बसेको ठाउँमा बस्नै नसकी जुरुक्क उठेँ, भननन्न एक पटक कोठामा रौँतारिएँ । झुन्डिएजति कोट, पैन्ट, कमिज, बुससर्ट सबका खल्तीखल्ती छामेँ, एउटा टफी कताबाट अड्केको रहेछ क्वाप्प मुखमा हालेर मर्मरी चपाएँ । तैपनि तुलबुलीको रन्को छुटेन । अनि दराज, तखता, खोपा, मेच, बाकस, झ्याल, ढोका सबका अन्तरकुन्तरतिर हात घुसारेँ अस्ति नै हरायो भनेको एउटा काँगियो पाइयो, ककसले खसालेर नभेट्टाएका दुई-तीनओटा दुईपैसे, चारपैसे र पाँचपैसे ढ्याक भेटिए । टेबुल र खाट सारेर मुन्तिरका घुरान केलाएँ– एउटा भाँच्चिएको होल्डर, दुई-चारओटा गोरखापत्र, समीक्षा र नयाँ समाजका पत्र, साँचो हराएको एउटा ताल्चा, दुइटा बेजोडा मोजा, एउटा ...लो रिबन यस्तैयस्तै अर्थ न बर्थका सत्र थोक फेला परे, तर खोजेको जे हो त्योचाहिँ हात लागेन । हैरान भएर एक गिलास पानी तन्न पिइदिएँ र तन्द्रङ्ग ...ल्टएँ त्यहीं भताभुङ्ग ओछ्यानमाथि । प्रश्न फेरि दोहोरियो– हँ, अहिले मलाई ...चाहिएको त ? सुकेंस खोलेँ भने एउटा गैंडामार नोट कसो ननिस्केला, जे ...ए पनि महिनाको पहिलै साताको जागिरदार पो त ! बैंसदार मायालुकै कुरा ... भने कमसेकम आफ्नी पर्मानेन्ट त तुरुन्तै एभेलेबुल । यी दुई थोक पाएर

पनि यो तुलबुली किन, यो छटपटी किन ? किन भनूँ ? दानापानीको, सेक्सपानीको र अहंपानीको प्यासभन्दा बेग्लै (?) त्यस बेला मलाई सताएको थियो अर्कै प्यासले, माने– एक सर्को चुरोटको प्यासले । त्यसकारण ओठ न नोट, म धुइँधुइँती खोज्दै थिएँ चुरोटको एउटा ठुटै भए पनि कतै अलमलिएको छ कि भनेर ।

प्रत्येक वर्षझैँ– त्यो वर्ष पनि वैशाख १ गतेदेखि चुरोट छाड्ने माघ १ गतेदेखिकै सङ्कल्प थियो । चुरोट खान छाड्नु आवश्यक मात्र होइन, मेरो निम्ति अनिवार्य पनि थियो । यो अनिवार्यता मैले नबुझेको होइन, बुझ्दाबुझ्दा-बुझ्दा कति बुझिसकेको थिएँ भने प्रत्येक चुरोट सल्काउँदा यही नै अन्तिम हो भनी आफ्नो तालिमी मनले सङ्कल्प पढिसक्थ्यो । तर तलतलै न हो, मेरा सङ्कल्प सारालाई तलतलै पुऱ्याएर आफू तेलझैँ मास्तिर तहरिहाल्थ्यो । अनि 'तैतै आज एक दिनलाई भैगो, भोलिदेखि खाए के ?' म दृढतासाथ सङ्कल्प दोहोऱ्याउँथेँ । यसै गरी आज एक दिनबाट यो एक महिना, यो एक महिनाबाट यो बाँकी वर्ष हुँदाहुँदै चुरोट छोड्नलाई नयाँ वर्षको प्रारम्भ पर्खने लुत्रे र झुत्रे तालले कहिल्यै छाडेन । सङ्कल्पशक्तिको यो हीनता जिन्दगीकै क्षीणता हो भनी म नबुझ्ने त होइन, तर बुझ्दैमा त्यो दह्रो भइहाल्ने पनि त होइन । चुरोट र क्यान्सरका सम्बन्धमा कति चर्चा सुनिए, पर्चा पढिए, तैपनि चुरोट छोड्न सकिँदैन । आजित भएर २०१९ साल चैत मसान्तको दिन बेलुका मैले आफ्नो लाइटर फोरफार पारी फ्याँकिदिएँ, आस्ट्रे किचकाच पारी मिल्काइदिएँ, बाँकी बचेका दुई-चार खिलीसहित बट्टा च्यातचुत पारी आफल्दिएँ । "ए, लाइटर त नफालौँ" भनी बराबर सलाई नपाएर भोगेका कतिपय सङ्कटको सम्झना उनी दिँदै थिइन्, तर मैले भीष्मको आवाजमा सगर्व उडाइदिएँ– "अब पनि मैले चुरोट खाला भन्ने ठानेको कि ?"

१ गतेदेखि नखाएको ४ गते बेलुका यो दसा ! मलाई आफ्नो कमजोरीदेखि रिस, घृणा, ग्लानि सबथोक उठे, तर सबैभन्दा अग्लो भएर उठ्यो फेरि उही तलतल । हो, म साँच्चै तलतलाएँ, तर उपाय केही थिएन, गाउँको घर भएकोले पसल नजिक थिएन, आधा रातमा आधा कोस पर कसलाई उठाउन जाने ? बरु काकाकहाँ माग्न पठाऊँ– एउटा मसिनो आशा उदायो । तर यति जाबो कुरामा पनि आफ्नो दृढ प्रतिज्ञा अहिल्यै उनको अगाडि कसरी भङ्ग गर्ने ? मेरो पौरुष अनकनायो ।

अम्बलले न पौरुष भन्छ, न प्रेस्टिज ! तत्कालै एउटा घटनाको सम्झना आयो । एकताका पोखराको एउटा गाउँले स्कूलमा म शिक्षक थिएँ । एक दिन

यसै गरी चुरोट खान पाइएन। दिनभर पुग्ला भनियो, बेलुका त ठन्डाराम! भोलिपल्ट तलतलले सबेरै तल ओरालिहाल्यो। आँगनमा आफू बसेको घरको हली हल्लँदै रहेछ। आफ्नो मास्टरी प्रेस्टिजलाई दाह्राले सकेसम्म थिचेर त्यही ग्वाङ्ग्रो खालको हलीसित मैले दीन पुकार गरेँ– "रामेदाइ, तिमीसित एउटा चुरोट छैन?" रामेले असजिलो मानेर भन्यो– "चुरोट बनाउँदै छु, मास्टरसाहेब!" नभन्दै ऊ बेलौती (अम्बा) का सुकेका पात टिपेर माड्दै रहेछ। म केटाकेटीहरूलाई पसल पठाउने धुनमा थिएँ, रामेले भुसा ल्याएर टक्र्यायो। बूढी औंलाजत्रो कलात्मक चिलिममा अम्बाको पात माडेको धूलो हालेर निकालेको धूवाँ– न तमाखु, न कक्कड साँच्चै भुसाहा नै थियो त्यो! "तानूँ त?" मैले लजाउँदै सोधेँ। "यति सानो चिलिम उचाल्न सक्नुहुन्न र तान्नै पऱ्यो, तान्नलाई डोरी पनि चाहिन्छ कि?" रामे हल्ल हाँस्यो, मैले सुइँसुइँ भुसाहा तानेँ। झ्यालबाट केटाकेटीले गिज्याए– "जात फाल्नु गहता' झोलमा!" तर के लाग्छ, क्याकक्याक गरेर पनि तलतलले मूतको न्यानो तापिछ्याडयो। त्यसरी त लाज पचाइयो भने उनलाई उठाएर काकाकहाँ चुरोट माग्न पठाउन के गाह्रो! तर काका पनि त चुरोटपीडित रहेछन् भने? फेरि अर्को सम्झना आयो।

एक दिन केटाकेटीमै काका (बलराम अर्याल) र म पढेर घर फर्कँदै थियौं। तलबी हुँदा त तीन दिन भरी भए तेह्र दिन पन्चट रहने आफ्नो खल्तीको कुलाङ्गार बानी, त्यस बेला बिलकुल ढाक्रे विद्यार्थी। एकातिर बाबुबाजेको अघिल्तिर चुरोट नखाने हामी आदर्श छोरा, अर्कातिर एकान्तमा ठुटा बेरेर भए पनि मुख नधुवाँई नहुने हामी अम्बली मोरा! अनि पैसा पनि सधैं कहाँबाट पुगोस्, दुवै जना हरिकङ्गाल। टङ्गाल हुँदै कमलपोखरीबाट गौशालातिरको सडकमा लुखुरलुखुर हिँड्दै थियौं। हुन त भोकले पनि कम सताएको थिएन, तर भोकभन्दा मापाको थियो उही तलतल! रातो पुलनिर पुगेपछि तिनताकाका पुड्कापुड्का हाम्रा काकाले मायालाग्दो गरी प्वाक्क भन्नुभयो– "बाटामा राम्रोसित हेर्दै हिँड् है, त्यतिका पशुपतिभक्तहरू हिँड्दा यो सडकमा एउटा दुईपैसे ढ्याक कसो नपाइएला!" यो ठट्टा भइदिएको भए बरु त्यति हाँसो उठ्तैनथ्यो तर कुरो थियो मर्मान्तकै! अहिले पनि त्यो बाटो हिँड्दा बुक वन र बिगिनर्स ट्रान्स्लेसनका किताप च्यापेर बाटामा ढ्याक पाइन्छ कि भन्दै हिँडेका पैसाविहीन काका-भतिजाका तलतलग्रस्त तुलबुले मुद्रा झलझली सम्झन्छु।

चुरोट नपाउँदाका, सलाई नजुट्दाका, बाआमाले थाहा पाउलान् भन्ने डरले लुक्ता-लुकाउँदाका चाखलाग्दा काण्ड कति छन् कति– घरतिर,

छात्रावासतिर, स्कूलकलेजतिर, अड्डाअफिसतिर अनि सबैतिर । जतिसुकै प्रेस्टिज र नैतिकता राख्नुपर्ने मान्छे छ भने पनि चुरोटमा उसको केही लाग्दैन । कहिलेकाहीं चिन्दै नचिनेका मान्छेसित पनि एकोटा अप्ठ्यारो जनाउँदै चुरोट मागिएको छ, चुरोट नभएको बेलामा चिनेको मान्छे भेट भयो भने त 'के खोज्छस् काना आँखा' भइहाल्छ । माग्नै किन पऱ्यो र ! आफ्नो रित्तो खल्ती छामछुम पाऱ्यो, चुरोट खाने मित्र रहेछ भने यसले चुरोट खोज्यो भनी बुझिहाल्छ । यो त मामुली नै भयो, सुटुक्क भनिदिऊँ भने कहिलेकाहीं मैले बाबुको खल्तीबाट चुरोट चोरेको पनि छु, कहिलेकाहीं मेरो चुरोट चोरिएको पनि छ ।

यस्तै कुराहरू सोचेर आत्मग्लानि मेट्तै मैले उनलाई उठाएँ र भनें– "म त चुरोट छोड्न नसक्ने भएँ बा ! के गर्ने ?" आफूले गरेको भविष्यवाणी सत्य निस्कँदा उनी गर्वले गजक्क फुलेर नाक नेप्ट्याउन थालिन्– "मैले सक्नुहुन्न भनेकै थिएँ, अब यस बेला के गर्ने ? तमाखु खाने ?" प्रस्ताव त गजबै हो, तर मध्यरातमा ट्वार्रट्वार्र हुक्का बजेको सुन्दा ब्याक आयो भनेर भाइबहिनीहरू कतै नझस्कून्, त्यो पनि छोडिदिऔं, बाले सुन्नुभयो भने, 'चुरोटसुरोट खाँदैन भनेको छोरो त आधा रातमा हुक्का पो टुर्टुराउँदो रहेछ ए !' त्यसो भए पानोसानी मिल्काएर स्वाइँस्वाइँ तान्ने त ! कुरो योचाहिं लम्बरी ! अगेनो तलै भएकोले त्यो अकबरी तलतल मार्न तलै ओर्लिएर तमाखु हालियो । पानी रित्तिएको हुक्कामा नली नहाली स्वाइँस्वाइँ-स्वाइँस्वाइँ एकनास शोषले झैं तानेर मैले तमाखु सिद्ध्याउनै आँटेको थिएँ, आमाले आफ्नै कोठाबाट बोलाइदिनुभयो– "बाबु !" तलैबाट आवाज दिऊँ, यस बेला तल किन ? 'हजुर' भन्नको लागि कोठामा पुगूँ, त्यति छिटो बिरालाचालले कसरी भऱ्याङ उक्लने ? आफूलाई फेरि रिङटा लागेर छुट्टी ! तर छोराबुहारी कसैबाट आवाज नगएकोले उहाँले फेरि दोहोऱ्याउनुभएन र मात्रै, नत्र प्रतिज्ञा तोडेको अपराधको फल तुरुन्तै फलेजस्तो हुन्थ्यो आफूलाई ।

चुरोट त खाँदैखान्नँ भन्दाभन्दै तमाखु र बिँडी दुई थोक नयाँ अम्मल समातिए । घरमा तमाखु, बाहिर बिँडी, कति सजिलो ! तैपनि चुरोट नै चाहिं नखाएकोले जे भए पनि गर्व थियो । तर एक साँझ सिनेमाको मध्यान्तरमा रोचकले झसङ्ग पार्दै भने– "ए चुरोट छाडेको होइन के ?" नभन्दै म त मजासित गोल्डफ्लेक उडाउँदै पो रहेछु । रमेश विकलले कुन बेला चुरोट दिएछन्, आफूले सुईंक्याइएछ, कस्तो मजा बेहोसी !

आफू चुरोट नखाने मान्छे, त्यसै पनि हामीले खाएको मन पराउँदैनन्, झन् म त छाड्नै पर्ने र छोडिसकेको मान्छे, त्यसैले कति दिन अरूको अगाडि मैले चुरोट, बिंडी केही पनि खाँदै खाइनँ। एक दिन राति म एक जना साथीकहाँ थिएँ, मलाई आफ्नो कोठा छोडेर उनी अर्कै घरतिर गइसकेपछि मैले लुसुक्क चुरोट सल्काउन खोजेको, सलाई पाइनँ। ताल्चा नमारेका ठाउँजति सबैतिर खानतलासी गर्दा पनि एक छेस्को सलाई पाइएन। आखिर कताकताबाट खाटमुनि एउटा थोत्रो हिटर फेला पार्न पुगें म। तार तानतुन पारी टुपिन जोडेको मात्र के थिएँ– बिजुली भ्याप्पै। अब भएन के ? चन्द्रावतीले भात खान लागेको जस्तो पो भयो आफूलाई। चुरोट खाने चाँजो मिल्दै मिलेन। तिनताका मेरो डेरा थियो बाङ्गेमोहडानिर, बाङ्गेमोहडानिर डेरा भए पनि म त मान्छे सोझै थिएँ। भोलिपल्ट बेलुकी नौ-दस बजेतिर अफिसको काम र होटलको माम सकी कोठामा पस्ता त आस्ट्रे, लाइटरसहित एक बट्टा क्याप्टेन सिरानमा सजिइराखेको ! छक्कै परेर सूचना पढें– "हिजो सलाई नपाएर जिल्लिएको बुझिएकोले सबथोक हाजिर छ, भोलि सबेरै एउटा हास्यव्यङ्ग्य-लेख प्रेसमा हाजिर गराउनू !" यो थियो **रचना**का लहडकान्त सम्पादकज्यूको आदेश।

हुन त महाकवि देवकोटाको चुरोटखुवाइ सम्झँदा हाम्रो चुरोटखुवाइ के हो र, प्रशस्त खाएको दिन सालाखाला दुई बट्टा खाइएला, त्यसमा पनि म त सिंहमारदेखि बिरालोमारसम्म जे पनि सरासर चल्ने क्लासविहीन भलादमी। तैपनि बढ्दै थियो– आफ्नो स्थिति हेरी। त्यसैले छोड्नै नसके पनि घटाउने प्रयत्नमा मैले बट्टाको सट्टा खुद्रा खरिदको नीति लिएँ। तर आफूले नलिँदैमा खान घट्छ भन्ने आशा पनि बेकार ! बरु आफूले चुरोट तानिरहेको बखत मान्नुपर्ने मान्छेले 'खोइ, एउटा यता पनि' भनिदिए भने उल्टो आफैँले हिन्नेत्याइँ अनुभव गर्नुपर्छ। कवि सिद्धिचरणज्यू र रामराजज्यूसित कसोकसो प्रायः यस्तै परेको छ धेरै पटक। आफूलाई खान छ, अरूले माग्दा छैन, छैन, चुरोट पनि छैन, सलाई पनि छैन साथमा, कहिल्यै पनि। चुरोट छोड्नै सकेको पनि होइन कहिल्यै पनि– कस्तो दरिद्र चाल !

त्यसैले एक दिन मैले अरू विभिन्न प्रतिज्ञाहरूको साथ 'चुरोट खानु र मान्छे पोलेको धूवाँ खानु बराबर' हो भनी किरिया खाएर कागत लेखें, सही गरें, हुक्काले अलमल्याउला भनी त्यो पनि फोरिदिएँ र सन्त भएर ती दिन गावैंमा काटें तर पनि केही लागेन। मैले तीन-चार वर्ष मासु छोडें, कति दिन

नुन छाडें, कति लामालामा अवधिसम्म आफ्ना अति प्रिय वस्तु र प्रियतमहरू छाडें, तर एक साता पनि धूम्रपानलाई बिलकुलै छाड्न सकिनँ । मेरो यो चुरोटे समस्यामा सबै साथीको सहानुभूति उब्जन्छ र अफिसमा एकछिन चुपो लागेको देख्ता हाम्रा केदारज्यू सोध्छन्– "दाजुको ट्रान्जिस्टरलाई ब्याट्री चाहिएको जस्तो छ नि !" हो, निकोटिनको क्यान्सर हुन्छ, तर सेलाएका बखत स्नायविक तारहरू तताउन निकोटिनको निकै आवश्यकता पर्दो रहेछ क्यारे हामीलाई ।

साँच्ची नै शिथिलतामा सुर्तीले ग्लुकोजको काम दिई फुर्ती निकालिदिन्छ भने सुर्तीका क्षणको सबभन्दा ठूलो सङ्गाती पनि सुर्तीको धूवाँसिवाय केही छैन । यी दुवै कुरा मैले आफ्नो एक महिनाजतिको दिल्लीप्रवासको बखत राम्रैसित अनुभव गरेको छु । त्यहाँ पनि मैले चुरोट छोडें, पपाँच मिनेटमा एउटाएउटा टयाप लगाएको बात नलागोस् नत्र बाबुराम पौडयाल साक्षी छन्, मैले प्रत्येक दिन चुरोट छोडें, प्रत्येक रात चुरोट छोडें । त्यसै बेलादेखि मार्कट्विनको यो भनाइ साह्रै घतलाग्दो गरी म सम्भन्छु– "चुरोट छोड्नु कुनै गाह्रो काम होइन, मैले एक सातामा कैयौं पटक चुरोट छोडिसकें (उसैको वाक्य आएन) ।"

त, व्यापारीले बातैपिच्छे धरोधर्म भन्नु र मैले सासैपिच्छे चुरोट खान्नँ भन्नु एकै भयो । तैपनि जमुनाको किनारमा बसेर अर्को सङ्कल्प गरें– अब गङ्गाजीको किनारमा उभिएर पानी छुँदै किरिया हालौंला । तर बनारस पुगेपछि भेट्नेबित्तिकै चारमिनारका बट्टा तेर्स्याउँदै शिव भट्टराईज्यूले भने– "विश्वनाथ बाबाको नगरमा सके गाँजाकै चिलिमले स्वागत गर्नुपर्थ्यो !" म पनि पशुपतिनाथ बाबाकै प्रजा हुँ नि ! चारमिनारको कुहिरीमण्डलमा हाम्रो ठट्टाध्याय सुरु भइहाल्यो । कहाँको चुरोट छोड्ने ? व्यावहारिकता र सांसारिकतादेखि नै वाक्क भएर घरबार राजीनामा गर्ने त्यागी, महात्यागीले त चुरोट छोड्नुको सट्टा गाँजासमेत उडाउन थाल्छन् भने मैले चुरोट किन छाड्ने ? स्वास्थ्यको निम्ति भनूँ भने अब चुरोट छोडेर स्वास्थ्य सुधार्छु भन्नु बूढी वेश्याले आर्यघाट नुहाएर जीवन पवित्र पार्छु भनेजस्तै त हो नि ! यस्ता कुरा सोच्तासोच्तै पनि काठमाडौं पुगेर चुरोट छाड्ने धोको ठयाम्मै बिसाएको त थिइनँ । तर शुभसाइतमा चाहिं कहिल्यै परेको होइन ।

चुरोट छाड्ने अर्को प्रयास मैले पोहोर रावलपिण्डीमा पनि गरें । त्यस बेला साथी हुनुहुन्थ्यो– **रूपरेखा**का सम्पादक बालमुकुन्ददेव पाण्डे र

**मदरल्याण्ड**का सम्पादक मणीन्द्रज्यू। काठमाडौं-त्रिशूली सडकजस्तै (ठीक उस्तै र उत्रै) एउटा पहाडी यात्रामा उहाँहरूले मलाई धेरै सम्भाउनुभयो, तर मैले पो चुरोट छाड्नुपर्छ भन्ने कुरो बिर्सेको कहाँ थिएँ र मोटरैबाट चुरोटको बट्टा मिल्काएर भनें– "लौ त लौ, म चुरोट खान्नँ।" तर साँझ एउटा पार्टीमा भने उनीहरूको आँखा छलेर पनि चुरोट तानिछाडें।

म कहिलेकाहीं त्यसै पनि व्रत बसिदिन्छु। साथीहरू भन्छन्– खाना पनि छाड्न सक्छ कस्तो मान्छे यो ! फेरि जब चुरोट सल्काउन थाल्छु उनीहरू दोहोऱ्याउँछन्– जाबो चुरोट पनि छाड्न सक्तैन कस्तो मान्छे यो ! अब म यस्तै मान्छे ! के गर्ने ? चुरोट त म खान्नँ भन्दै छु, तर चुरोटले चोरेर भए पनि मलाई खाइहाल्छ। हो, सत्य भन्छु– मलाई चुरोटदेखि डर लाग्छ, घृणा लाग्छ तर म आत्मसमर्पित हुँदै आएको छु– यही छुसी चुरोटसँग। यो क्रम कतिसम्म चल्ने हो, म हजुरले कति पटक चुरोट छाड्ने हुँ त्यो त भन्न सक्तिनँ, तर फेरि नयाँ वर्ष लाग्दै छ, म चुरोट छोड्दै छु– योचाहिँ पक्का हो।

**रूपरेखाबाट**

# टाउको



"पृथिवी गोल छ" –म चिच्च्याउँछु ।
"कस्तो गोल गुरु ?" –विद्यार्थीले स्पष्टीकरण माग्छ ।
"पृथिवी भोगटेजस्तो गोल छ" –म बुझाउँछु ।
"कस्तो गोल रे गुरु ?" –विद्यार्थी बुझ पचाउँछ । म रिसले तिलमिलाउँछु । मभित्रको गुरुत्व कक्षा चर्काएर टेबुलमा बजारिन पुग्छ–
"पृथिवी तेरो टाउकोजस्तो छ !"

विद्यार्थीको मुखमा बडे बुझो लाग्छ । तर टेबुलमा रन्थनिएको मेरो हात आफ्नै टाउको छाम्न पुग्छ, टोपीको सिउनीले कुन्नि कसको एउटा पङ्क्ति सम्झाइदिन्छ–

"यो टाउको होइन, टोपीको स्टचान्ड पो हो त !"

नभन्दै यो त टोपीको स्टचान्ड हो; हिजो मात्रै किनेको सक्कली ढाकाको टोपी मैले यही स्टचान्डमा राखेको छु । (कसैको निम्ति यो टोपको स्टचान्ड होला, कसैको निम्ति फेटाको, कसैको निम्ति फ्रेसक्यापको स्टचान्ड होला, कसैको निम्ति पगरीको । तर मेरो टाउको टोपीको स्टचान्ड हो) । टोपी, सभ्यताको पताका, संरक्षणको गुटिका अनि व्यक्तित्वको झन्डा हो । त्यसैले यो राख्ने एउटा गतिलो स्टचान्ड चाहिन्छ । मेरो टोपीको स्टचान्ड पृथिवीजस्तै गोल छ ।

छाम्दाछाम्दै शङ्का उठ्छ– त्यसो भए मेरो टाउको खोइ त ? साँच्ची टाउको खोइ त ? विद्यार्थीहरू डराएर मेरो मुखाकृतिमा टुलुटुलु हेरिरहन्छन्– मानौं उनीहरूको कुतूहल यही छ– पृथिवी टाउकोजस्तो हुन्छ, तर टाउको भनेको कस्तो हुन्छ ? म आफैँ अलमलिन्छु– टाउको भनेको कस्तो हुन्छ ? म पढेको मास्टर, नपढेको कुरा जान्दिनँ । नपढेको कुरा बुझ्न गिदी चाहिन्छ, गिदी । गिदी भनेको टाउकाको गुदी हो, लिपि घोटेर लेपेको लेप होइन । तर मसँग गिदी छैन, त्यसैले टाउकाको अर्थ पनि छैन । यो अर्थबिनाको अस्तित्व... ।

हं..न, होइ[illegible] टाउका[illegible] किन छैन ? शरीरको माथिबाट ठडिएर रहने यसको अर्थ हो; त्यसैले सुत्ता पनि यसलाई तकियाको अग्लो स्टचान्ड चाहिन्छ ।

अर्थात् ठडिएर रहनुमा टाउको सार्थक हुन्छ । तर मजस्तो एउटा साधारण शिक्षकको टाउकाले कहाँ पाउँछ सधैं ठडिरहन ? नौ सय नमस्तेमा निहुरनुपर्छ; हजारौं हस्मा लच्कनुपर्छ । बलभद्र र अमरसिंहजस्ता मेरा कैयौं बाजे-बराज्यूले बरु टाउको दिए, तर टाउको निहुराएनन् रे; तर मेरो टाउको कति लुलो छ भने झिँगालाई पनि गोडैमा ढोगिदिउँला झैँ गरी निहुरन्छ, मानौं उसको पाखुराखैँचाइ मेरो टाउकालाई चुनौती हो । म टाउको छाम्दाछाम्दै हराउँछु । विद्यार्थीको प्रश्नको घोचो लिएर मलाई कक्षामा तान्छ–

"भन्नोस् न गुरु, पृथिवी टाउकोजस्तो भए टाउको कस्तो छ ?" मलाई रिस उठ्छ– यो पनि कुनै प्रश्न हो ? तर आफूले बोल्न नपाउँदै अर्को विद्यार्थी जबाफ दिन्छ– "टाउको फुटबलजस्तै हुन्छ ।" त्यसैले यसलाई बराबर पम्पु दिनुपर्छ । मेरो टाउकामा पहिलो पम्पु मास्टरले दिएका थिए, विद्यालयले जोख्यो, तौलचिह्न लगायो, प्राध्यापकले पम्पु दिए, महाविद्यालयले जोख्यो, तौलचिह्न लगायो । पम्पु दिने काम बढ्दै गयो । विश्वविद्यालयले जोख्यो,

बडेमानको फुर्के चिह्न झुन्ड्याई गुडाइदियो तौलपाछि तौल गर्दै सत्र पटक तौलिएको यो मेरो टाउको कति गर्विलो छ, कति दर्पिलो छ। म आफ्नो टाउकाका तौलको बहाल माग्न अड्डा पुग्छु, अदालत पुग्छु, कम्पनी र कर्पोरेसन धाउँछु, सेवाआयोग अझ बडेमानको तुलो लिई अघि सर्छ। जोख्ताजोख्तै गाँठिएको टाउको फेरि जोखाउँछु, एउटा अर्को तौलचिह्न थपेर पुऱ्याइदिन्छ स्कूलतिर। अहिले म मास्टर छु। होइन, होइन, म एउटा पम्पु छु, हावा दिँदै छु सयौँसयौँ बलहरूमा, यी सबैका टाउकाको तौल बढाउनु छ, यिनीहरूबाट पनि त्यसै गरी जीवनको रङ्गशालामा आआफ्नै टाउकाको भकुन्डो खेलाउनु छ। एउटाले अर्कोलाई बुङ्ग हिर्काउँछ, अर्कोले अर्कोलाई। खेल न हो! कुनै टाउको बुद्रुक्क उफ्रन्छ माथि पुग्छ, कुनै माथिबाट तल झर्छ। टाउकै खेलाडी, टाउकैको खेल, 'गोल, गोल' भन्दाभन्दै कति टाउकाको बीचैमा भद्रगोल हुन्छ।

"तर होइन, टाउको भकुन्डोजस्तो होइन, मलाई त अरिङ्गालको गोलोजस्तो लाग्छ।" मजस्तै अर्को गुरु बीचैबाट प्वाक्क बोल्छ। म नजिकैको रूखमा अरिङ्गालले लगाएको गोलो सम्झन्छु, आङ जिरिङ्ग हुन्छ।

अरिङ्गालहरू भुनभुनाइरहेछन् गोलामा, मानौँ त्यहाँ बास नपुगेको ठूलो रन्का छ, बलियाबाङ्गाहरूले धेरैधेरै ठाउँ पहिल्यै ओगटिसकेकाले लुत्रेलाम्रेहरूलाई टाउको घुसार्नसम्म ठाउँ छैन, एउटा 'ठाउँ छाडिदे' भन्छ, अर्को 'धक्का नलगा' भन्छ, गर्भिणी अरिङ्गाल्नीले बच्चा खसाल्ने ठाउँ पाउन्न, कसैले बल्लबल्ल पाएको बच्चा कसैले थिचिदिएको छ, मिचिदिएको छ, आमै नि! कस्तो गन्जागोल यो अरिङ्गालको गोलामा। मलाई अघि नै सुझेको भए विद्यार्थीलाई यही भनिदिन्थेँ– पृथिवी अरिङ्गालको गोलाजस्तो छ; अरिङ्गालको गोला हाम्रो टाउकोजस्तो छ। स्मृतिसामु एउटा अरिङ्गाल उड्छ, ऊ सायद आहारा खोज्न गएको होला आफ्ना बच्चाहरूलाई; ओहो, मेरो सानू बच्चाले आज दूध खायो कि खाएन कुन्नि? उसलाई निमोनिया भएको थियो, बल्लबल्ल हिजोदेखि अलिअलि बिसेक भयो। आमाचाहिँ पनि साह्रै मूर्ख छ, विचारै पुऱ्याउन्न। अघि उडेको अरिङ्गाल अर्को दलिनमा बस्छ। अर्को एउटा पनि भुनभुनाउँदै त्यहीँ पुगेर बस्छ, मानौँ ती भाले-पोथी हुन्। तर एउटा भ्यागुताको बच्चाजस्तो, अर्को माछाको बच्चाजस्तो! छ्या, जोडा पनि भनेजस्तो नमिल्नु; यो जोडाभित्रको एक जोर बिजोडा! त्यसैले पनि अरिङ्गाल एउटा समस्या, समस्या एउटा अरिङ्गाल, अब कल्ले भन्न सक्छ– टाउको अरिङ्गालको गोला होइन! पालेले

घण्टी लाउँछ– सम्भनाले उठाएका अरिङ्गालहरू गोलामा गर्इ गुजर्मुजिन्छन्, भुराहरू भुरभुराउँदै उठ्छन् । म अफिसको टेबुलमा हाजिर कापी थचाछु, थचक्क बसेर टाउको समाउँछु । प्रधानाध्यापकज्यू भन्नुहुन्छ– मेरो त मुद्दाले टाउको खायो ।

मेरो टाउको पनि कुटुकुटु खान्छ– बिरामी छोराले । टोपी फुकालेर टेबुलमा राख्छु– एउटा प्रश्न राखिएझैं लाग्छ टेबुलमाथि– के अरू सबै अङ्गभन्दा टाउकै कमलो छ ? नत्र चार महिनाको छोराले आमाको स्तन चुस्न छाडेर बाबुको टाउको किन खान्छ ? छोराले मात्र होइन, कहिलेकाहीँ प्रेमिकाले पनि जब आँपजस्ता गाला छाडेर यही ओखरजस्तो टाउको खान थाल्छिन्, तब मलाई लाग्छ– भगवान्ले मलाई मुर्कट्टा नै जन्माइदिएको भए हुन्थ्यो । त्यसो गरिदिएको भए जोरीपारीले पनि 'तेरो टाउको नफुटाई के छाडौँला' भन्न पाउने थिएनन् । टाउकै बनाउनु थियो त ढुङ्गाको बनाइदिएको भए पनि न कसैले खान सक्थ्यो न कसैले फुटाउन । तर मान्छेको टाउको कस्तो कमलो छ भने यसलाई जोगाएर राख्ने फिक्रीले नै कुटुकुटु टाउको खाइरहेको हुन्छ । तैपनि जोगिन्छ कि भनी म कपाल पाल्छु, टोपी लाउँछु र भन्न खोज्छु– टाउको टोपीको स्ट्यान्ड होइन, टोपी टाउकाको कभर हो ।

म टोपी टिपेर टाउको छोप्छु, तर कपाल मात्र छोपिन्छ, टाउकोभित्रको सिलिङबिलिङ छोपिँदैन । बरु त्यहाँ एउटा छाल आउँछ, एउटा भुमरी पर्छ, भुमरीमा म फन्न रिङ्छु, देश रिङ्छ, विश्व रिङ्छ मानौं सिङ्गै ब्रह्माण्ड अटाएको छ मेरो टाउकोभित्र ! आमै नि ! कति ठूलो हुन्छ मान्छेको टाउको ! पृथ्वीभन्दा धेरै ठूलो, ब्रह्माण्डभन्दा धेरै ठूलो ! ओहो, यत्रो भयङ्कर टाउको मैले कसरी बोकेको छु ? मलाई खलखली पसिना आउँछ, टाउको छाम्छु– एउटा सानो जुम्रो छ्याास्स टेबुलमा खस्छ । ब्रह्माण्डभन्दा ठूलो टाउकाको बासिन्दा यो जुम्रोले मानौं आफ्नो परिचय दिन्छ– म त्यस गोल दुनियाँको सर्वश्रेष्ठ जुम्राजाति हुँ । म पनि यस गोल दुनियाँको सर्वश्रेष्ठ मानवजाति हुँ । दुवैको पृथिवी गोल छ भने जुम्रा र मान्छेमा के फरक छ ? जब मेरो टाउको धेरै फोहोर हुन्छ जुम्राको सृष्टि हुन्छ, जबसम्म म नुहाउन्नँ, उसको स्थिति हुन्छ, एकअर्कासित मायापिर्ती बस्छ, लिखा जन्मन्छन् । लिखाबाट जुम्रा बन्छन्, यो गैंबाट ऊ गैं, यो कुनाबाट ऊ कुना ओहोरदोहोर चलिरहन्छ । जुम्रामा पनि कुनै भास्कोडिगामा र कुनै कोलम्बस नौलानौला ठाउँको पत्ता लगाउलान् । जुम्रामा पनि कुनै व्यास, होमरजस्ता कवि होलान् । कोपर्निकस, न्युटन र

आइन्स्टाइन निस्केर टाउकाको परिधि र व्यासको लेखाजोखा गर्लान् । गुरुत्वाकर्षण र सापेक्षतावादको व्याख्या गर्लान् । त्यहाँ पनि कृष्ण, कन्फ्युसियस, क्राइस्ट, बुद्ध र मोहम्मदजस्ता महात्मा जन्मेर जुम्राजातिको उद्धारको लागि भरमग्दुर कोसिस गर्लान् । अझ सम्भव कुरा– त्यहाँ पनि गाँसबास र यौन-प्यासको निम्ति युद्ध होला । ढाडी जुम्राहरू चमकनाहरूलाई छिनछिनमा सताउँदा हुन्, तर जब म नुहाउन थाल्छु, साबुनको झोलले जुम्रालोकमा हाइड्रोजनको काम गर्छ । महाप्रलय भएर उनीहरूको दुनियाँ उजाड हुन्छ । मेरो र जुम्राको संसारमा के फरक छ ? मेरो र जुम्राको अस्तित्वमा के फरक छ ? बरु हुन सक्छ, पृथिवी कसैको गोल टाउको हो, मान्छे त्यस टाउकाका जुम्रा ! जब टाउकोवाला नुहाउन थाल्छ, हाम्रो प्रलय हुन्छ, फोहोरै राखिछाडोस् बरु उसले आफ्नो टाउको । म सोच्तै जान्छु– जुम्रा टेबुलमा रगरगाउँछ, कस्तो अनुभव हुँदो हो त्यसलाई टेबुलमा । उसले यहाँबाट फेरि फर्कन पायो भने जुम्रालोकमा कस्तो यात्रावृत्तान्त सुनाउँदो हो– "बुझ्यौ, हाम्रो संसारभन्दा बाहिर अर्कै संसार रहेछ ।" हो, पक्कै यस्तो व्याख्यान छाँट्तो हो । एउटा कुतूहल ल्याउँदो हो । तर मलाई जुम्रादेखि असाध्यै घिन लाग्छ, नमारे पनि त्यो धेरैबेर बाँच्न सक्तैन भन्ने थाहा हुँदाहुँदै पनि म मारिदिन्छु । कस्तो निर्ममता ! हस्याङफस्याङ गर्दै घरको नोकर भन्न आउँछ– "सानो नानीलाई साह्रै भइसक्यो, छिटै पाल्नोस् रे ।"

म टोपी मिलाउँदै कुद्छु । तर जुम्राको बाबु कुदेर आएन । आएकै भए पनि के लछार्न सक्थ्यो र त्यसले, जसरी केही गर्न सक्तिनँ म आफ्नो मर्न लागेको छोरो नमार्न । मृत्युको टाउको देख्न पाए मान्छेले कति टोक्तो हो, कति ठोक्तो हो ! तर अहिलेसम्म कति दार्शनिकहरूको टाउको खायो यो मृत्युले । अहिलेसम्म कति वैज्ञानिकहरूको टाउको खाँदै छ यही मृत्यु । त्यसैले भन्न मन लाग्छ– मृत्युकै टाउकोमा हाम्रो सृष्टि छ । मेरो टाउको अझ रन्थनाउँछ, तर छोरोको टाउकोमा अब कुनै रन्थन छैन, जुम्रा र हाम्रो मृत्युमा फरक यत्ति छ– उसलाई जीवनको मायाले रन्थनाउँदैन, मृत्युको छायाले तर्साउँदैन । कारण उसको र हाम्रो टाउको उस्तै हुँदैन ।

हो, सबै प्राणीभन्दा अनौठो टाउको मान्छेकै हो । भनूँ भने मान्छेको विशेषता नै टाउको हो र टाउकाको सार्थकता नै मान्छे ! त्यसैले कृष्ण एउटा टाउको, क्राइस्ट एउटा टाउको, कन्फ्युसियस एउटा टाउको ! कपिल, कणाद, गौतम सब टाउकैटाउका । सुकरात, प्लेटो, एरिस्टोटल टाउकैटाउका । बुद्ध,

जनक, अरनिको टाउकैटाउका । आर्किमिडिज, आइन्स्टाइन र ग्यालिलियो– टाउकैटाउका । मलाई भन्न मन लाग्छ– इतिहास टाउकैटाउकाको माला हो ।

गधा पिठ्यूँले बाँच्छ, गाई कल्चौँडाले बाँच्छ भने मान्छेले बाँच्ने माध्यम टाउको पाएको छ, आफूलाई साँच्ने माध्यम टाउको पाएको छ । हो, मेरो पनि पुर्खा थिए, तिनमा कोही टाउकैले बाँच्थे होलान् । तर मलाई थाहा छ– मेरा धेरै मामाहरू गर्धनले बाँचे, मेरा कति काकाहरू पाखुराले बाँचे, मेरा कैयौँ भाइबहिनीहरू केवल भुँडीले बाँच्छन्– त्यसैले मैले टाउकाले बाँच्न पाएको छैन, जब टाउको उठाउन खोज्छु, भित्रभित्रै मेरो टाउको साटिइसक्छ, यसको विचित्रता नै यस्तै छ– आफ्नो टाउको साटिएको आफैँलाई थाहा हुँदैन । त्यसैले टाउकोबाट बाँच्न खोज्दाखोज्दै म टाउकोबाटै हराउँछु । तर मेरो हिमालय मलाई बराबर सोधिरहन्छ– ए, तैँले आफ्नो टाउको हराएको त छैन ? हत्त न पत्त छाम्छु, टोपी त सिँगुलै छ । तर टाउको कति साटिएको छ, कति छाँटिएको छ, त्यो ठम्याउन सक्तिनँ । अनि मेरो टाउकाभरि हीनताभास भरिन्छ– मेरो टाउको टाउको नभएर टेपरिकर्डर बन्छ । त्यसैले म प्रत्येक दिन स्कूलमा टेपरिकर्डर फुकाउँछु– "सगरमाथाको उचाइ २९००२ फिट छ ।" सगरमाथाको उचाइ... ... ।

**रचना**बाट

# गलबन्दी



लाटा' देशा' गाँडो तन्नेरी भन्ने उखान सुने भने विश्वका समस्त गाँडाहरू धमाधम मानचित्र पल्टाएर धुईंधुइँती खोज्न थाल्दाहुन्– त्यो लाटाको देश कुन महाद्वीपमा कहाँनेर पर्छ ? त्यस देशको भौगोलिक स्थिति कस्तो छ र किन त्यहाँ तन्नेरी हुने अधिकार गाँडाको लागि मात्र सुरक्षित हुन्छ ? लाटाको देशमा जाने भिसा कहाँबाट लिनुपर्ने हो र कुन प्लेन वा ट्रेन समाएर त्यहाँ पुग्न सकिने हो इत्यादि । तर उनीहरूलाई कसले बुझाइदिने ? लाटो भनेको बाटो न घाटोसित दगुर्ने प्राणी हो, जो इतिहासको फेदीदेखि थिति न ठेगानासित गुँड जमाउँदै आएको छ । हेरिल्याउँदा प्रत्येक देश लाटैलाटाको निर्माण हो तर हेरिलैजाँदा जहाँ बसे पनि लाटो स्वयं देशविहीन हुन्छ ।

ऊ पनि भन्थ्यो– कोलम्बसले अमेरिका पत्ता लगायो भने उसले लाटा' देश ठम्याउन किन सक्तैन ? तर ऊ कोलम्बस होइन, ऊ त हो तुलेगाँडो, तुलामा राखेर जोख्ने हो भने जीउ जति धार्नीको छ, त्यति नै धार्नीको थियो उसको गाँड । त्यसैले उसको नाम पनि तुलेगाँडो, उपाधि पनि तुलेगाँडो । वास्तवमा ऊ लाटो नै होइन, गाँडो मात्र हो, तर राम्रैराम्राका बीच गाँडो हुनु पनि उपहासको भाँडो हुनु हो, त्यसैले पार्नु मर्का पारेको छ उसलाई– त्यो गाँडले । अन्तर्वार्ता गर्न जान्छ गाँडले पहिल्यै बहिर्वाता गरिदिन्छ, सभाभित्र पस्ता सबैको खिसीं आकर्षित गरी सभापति बिर्साइदिन्छ उसकै गाँड । त्यसैले ऊ झर्किन्छ, रुन्छ र रुँदारुँदै हाइय्य गर्छ, एकैछिनमा मन्त्री हुन्छ ।

त्यो लाटाको देश हो त ? केही थाहा छैन उसलाई, केवल यत्ति थाहा छ, ऊ मन्त्री हो– सबैबाट सम्मानित, सबैबाट प्रशंसित । पण्डितहरू उसको गाँडको माहात्म्य गाउँछन्– अघिल्लो जन्ममा ऊ सरस्वतीको साह्रै प्यारो भक्त थियो, एक दिन उनले के माग्छस् भनी सोधिन् । ठाडो घाँटी लगाउँदै उसले भन्यो– "मलाई विद्यामृत दिनुहोस् ।" सरस्वतीले तथास्तु भनी वीणाको गट्टाले उसको घाँटीमा छोड्दिइन् । जन्मजन्मान्तर नसिद्धिने गरी समस्त विद्याहरू पोको परेर उसको कण्ठमा झुन्डिए, त्यसैले मन्त्रीज्यूको विद्वत्ता अनुपमेय छ, अपरिमेय छ



इत्यादि । उसलाई विश्वास लाग्दैन, तर इतिहास व्याख्या गर्दछ– मन्त्रीज्यू ती गण्डक ऋषिका सन्तान हुनुहुन्छ, जसले तपस्या गरेकोले नदीको नाम नै गण्डकी रहेको थियो, गण्डक गाँडवान् महर्षि थिए, त्यसैले मन्त्रीज्यू पनि आधुनिक जगत्का एक महर्षि नै हुनुहुन्छ । अभ्र उसलाई पत्यार लाग्दैन, तर कवि गाइदिन्छ–

**हे विशाल रुद्रघण्टीश्वर**
**यो तिम्रो गाँड होइन, गहना हो**
**दुःखसागर तर्ने बहना हो ?**

हो त नि, ऊ दङ्ग पर्छ, मक्ख पर्छ, नोकर्नीको हात समाएर ट्विस्ट गर्छ । तर अपशोच ! खाटबाट लडेर गाँड ठोकिन्छ, रगत बगाउँदै भ्रल्याँस्स हुन्छ– ऐना हेर्दा आफूलाई तुलेगाँडै पाउँछ ।

उसको सपना सत्य थिएन, तर यो असत्य कुरो पनि होइन । ठूलो हुन सके गाँडै पनि गहना हुन्छ, कृष्णको चीरहरण लीलामा गनिएभैँ, भियतनामको नरसंहार शान्तिको निम्ति भनिएभैँ । तर ठूलो कसलाई भन्ने ? घर ठूलो, बैङ्क ब्यालेन्स ठूलो, दर्जा ठूलो, अधिकार ठूलो, डाँको ठूलो, देश ठूलो, डन्डा ठूलो या भ्रन्डा ठूलो ! उसको केही पनि छैन, छ भने त्यही गाँड छ सबैभन्दा ठूलो ! त्यसैले ऊ ठूलाबडामा गनिन सक्तैन, किनभने चुत्थो मान्छेको रुद्रघण्टी नै पनि गाँड भइदिन्छ, दुनियाँमा गाँड गहना हुने त कुरै छैन । तुलेगाँडो हताश हुन्छ, निराश हुन्छ ।

अनि उसलाई भ्रोक पनि चल्छ– भएभरका लाटागाँडा बटुलेर म नेता किन नभइदिऊँ ? गाँडाको ग्लानि खोरन्डालाई पनि हुन्छ, खोरन्डाले जति खिसी कानाले पनि पाउँछ । ऊ आफ्ना साथीहरूसित प्रस्ताव राख्छ– एउटा सङ्गठन बनाउने, जसको नाम रहनेछ– लाटागाँडा एवं लुलालङ्गडा सम्मान समिति । तर खल्वाट धूर्त हुन्छ– सभापतिको बाक्लो पगरी उसलाई चाहिन्छ । तुलेको चित्त बुझ्दैन; किनभने उसमा अरूको जस्तो कमी छैन । हुन पनि गाँड एउटा बढग्रन्थि हो, विशेष अङ्ग हो, जुन जो पायो उहीसित हुँदै हुँदैन । खुट्टे खँड्काले निहुँ खोज्छ, त्यसो भए उसको खुट्टो झन् खम्बाजत्रो छ । मोटो सुँड हुने गणेशलाई सबभन्दा पहिले पुजिन्छ भने उसको खुट्टो सभापति बन्न किन सक्तैन ? ऊसित थोरै भए पनि गणेशत्व छ तर डुँडेले सभा ब्याकआउट गर्छ । ऊ सद्दे मान्छे गाँडागर्चाको गोष्ठीमा किन बस्छ ? नभन्दै हो पनि, पन्जाभित्रको हातलाई कसले डुँडे देख्छ ? सङ्गठन गठन नहुँदै विघटन हुन्छ, तुलेगाँडो जिल्ल परेर गाँड कोतर्छ ।

हुन त ऊ पनि त्यस्तै ! बाठैबाठासँग बाँच्नुपरेपछि उसले पनि बाठो बन्नै पर्छ । बठचाईंको दीक्षा लिन छोप्ने विद्या जान्नै पर्छ । हो त नि, यहाँ कसले के छोपेको छैन ? टेरिलिनको सूटले दाउरिएको आङ छोपिन्छ, एक बट्टा पाउडरले चाउरिएको छाला छोपिन्छ, डिग्रीको साइनबोर्डले दिमागको गोबर छोपिन्छ, मानको पगरीले बेइमानीको घ्याम्पो छोपिन्छ, मैत्रीको जालले ब्वाँसाको राल छोपिन्छ । हो, हो– गाँडाको गम कम होइन– गलबन्दीले गाँड छोप्न सकेमा तन्नेरी हुन अरू केही चाहिँदैन । तुलेगाँडो डिसिक्क हाँस्छ ।

गाँड उसको कत्रो समस्या ? तर समस्याको समाधान कति सजिलो छ एउटा गलबन्दी गुतिदिनु । अनि कसले भन्न सक्छ रङ्गीचङ्गी गलबन्दीभित्र जाँडको पुङ्गोजस्तो एउटा कुहिएको गाँड पनि छ । कसैले भनिहाले पनि जबाफ दिनुपर्छ भित्रभित्र खोतल्ने हो भने ककसको केके छन्, केके छन् ? ऊ श्री 'क' लाई सम्झन्छ– जसले एक हजार घर लुटेको थियो, सयौं घरमा पोइलाई बाँधेर स्वास्नीको सतीत्व लुटेको थियो, रामनामीको गलबन्दीले ऊ कति सजिलैसित आफ्नो अपराधको गाँड छोप्छ, महामहोपाध्याय बनी नैतिकताको व्याख्या गर्छ ।

श्री 'ख' लाई सम्झन्छ, श्री 'ग' लाई सम्झन्छ– मासुको नहोस् सही, पापको गाँड उनीहरूको पनि छ, ऊ देख्छ– जजसको ठूलो गलबन्दी छ तिनको गाँड पनि ठूलै हुन्छ, तर ऊ गलबन्दी गुत्दैन ।

तर उसले नगुतेर के गर्नु ? आजको विश्वमा सबभन्दा बढी खपत छ गलबन्दीको । निरस्त्रीकरणको प्रस्ताव एउटा गलबन्दी हो– आणविक गाँडको । शान्तिवार्ता एउटा गलबन्दी हो– करतुत र कुचक्रका गाँडको । यसरी सोच्तै ल्याउँदा ऊ ठम्याउँछ– ऊ मात्रै होइन, उसको समाजै गँडचाहा छ, उसको युगै गँडचाहा छ । आफू चुत्थो मान्छे भएकोले साह्रै ठूलाको कल्पना गर्न सक्तैन र मात्रै, नत्र ऊ यो पनि ठान्दो हो– यो विश्व नै ब्रह्माण्ड नभई ब्रह्मगाँड होला । पृथिवी त्यस गाँडमाथिको खटिरा, अरू हुन सक्छ– मान्छेचाहिँ त्यस खटिराभित्रको कीरा ।

छ्याः आफू गाँडो हुँदैमा सबैतिर गाँडैगाँड देख्न ऊ चाहँदैन । तर उसले नचाहेर के गर्नु ? गाँड यथार्थ हो, गलबन्दी त त्यसलाई छोप्ने आदर्श मात्रै । त्यसैले यथार्थवादलाई ठूलाबडा मन पराउँदैनन्, किनभने यसबाट समाजको गाँड देखिन्छ– जो सभ्यताको विरुद्ध कर्म हो । हो, त्यसैले त तन्नेरीलाई गाँड देखाउन लाज लाग्छ, अनि गलबन्दीमै रमिता देख्छ, बूढालाई

गाँड कोट्टयाउनु अपराध लाग्छ– अनि गलबन्दीकै कविता लेख्छ, तुलेगाँडो चिन्तक बन्छ, ऊ पुराण पल्टाउँछ, इतिहास पल्टाउँछ ।

रामको पनि गाँड थियो । ऊ आफू नर भएर वानर बटुल्छ, आफू भुँडी बोकाउँछ, स्वास्नीलाई बात लगाउँछ । एउटाको रिसमा हजारौँको घरबार जलाउँछ, सबलाई आदर्शको शिक्षा दिन्छ– तर मनमनै उसको गाँड पाक्छ– पश्चात्तापको पीप बगाएर, अनि सरयूमा हामफाल्छ, मर्छ । तर वाल्मीकि गलबन्दी गुताइदिन्छन् उसलाई । ऊ पूजनीय लाग्छ हामीलाई । चन्द्रशमशेरलाई लोभ लाग्छ, त्यस्तै गलबन्दीको अनि सेढाई बुन्न थाल्छ चन्द्र-मयूख । तर जङ्गबहादुर साह्रै बाठो मान्छे हो, आफ्नो गाँड छोप्न । ऊ कृष्णका आदर्शको गलबन्दी गुत्छ । नाङ्गी तरुनी उसको आराध्य, परचक्री तरुनी उसका साध्य । लाटा गोपहरूका देशको कृष्ण एउटा गाँडो तन्नेरी, त्यसैले हत्या उसका चुट्कीको काम, सर्वसंहार उसको दर्शनको अन्तिम धाम । तुलेगाँडो युग जोर्छ– महाभारतको हिटलर कृष्ण, कुरुक्षेत्र उसको ग्यासच्याम्बर, जहाँ आइकम्यानको पूर्णावतार अर्जुन भुट्छ– आफ्ना दाजुभाइहरूलाई, लाखौँलाखौँ आइमाईका छोराहरूलाई, पोइहरूलाई ! आखिर गाँड पाक्छ. कुहिन्छ, सलबलाउँछन् पश्चात्तापका कीराहरू । ऊ आत्महत्या गर्छ डा. बाड्ले झैँ । मर्दामर्दै व्यासले ओढाइदिन्छन् स्वर्गारोहणको सुकिलो गलबन्दी । के गीता एउटा बलियो गलबन्दी होइन कृष्णको ?

धत्तेरी ! म कस्तो नास्तिक, आफू गाँडो भएँ भन्दैमा आफ्ना पूजनीय ऐतिहासिक पुरुषहरूलाई उडाउनु अपराध हो, अनास्था हो । के भित्र विष्ठा छ भन्दैमा आफ्नै पेटलाई चर्पी मान्ने ? तुलेगाँडो आफैँलाई हप्काउँछ । अब ऊ कसैलाई निन्दा गर्दैन । यस लोकमा त गाँडो भइयो भइयो, परलोकमा उसको गाँड हुने छैन, ऊ सुन्दर र सलसलाउँदो हुनेछ किनभने उसले कसैको हत्या गरेको छैन, उसले कसैलाई दुःख दिएको छैन, ऊ स्वर्गै जान्छ सरासर । उसको मन प्रफुल्ल हुन्छ, तकिया सजिलो लाग्छ । सोच्तासोच्तै ऊ हर्र उड्छ । एकैछिनमा ऊ एउटा ठूलो ढोकामा उभिन पुग्छ । पालेले चर्को डाँकोमा उसलाई सोध्छ– तिम्रो नाम के ? कहाँबाट आयौ र बाँच्ताको ल्याकत कस्तो थियो इत्यादि । तुलेगाँडो सबै 'हुलिया' यथार्थ दिन्छ र भन्छ– मैले जीवनभर धर्मैधर्म गरेको छु । घोक्रेसुत्ती लाउँदै पाले गर्जन्छ– गह्नाउने गाँड लिएर धर्मात्मा भन्दै अप्सराको देशमा आउन पाइन्छ ? तुरुन्तै जान्छस् भने गैहाल् नत्र सोभ्कै रौरवमा खसालिएलास् मोरा ! ऊ भुतभुताउँछ– स्वर्ग

गोराहरूको हो, स्वर्ग जोधाहाहरूको हो, यहाँ कत्राकत्रा सेठ, कत्राकत्रा शासक, कत्राकत्रा मन्त्री र कत्राकत्रा विजयीहरू छन्, यस्तायस्ता भएको ठाउँमा आउने को रे भने तुलेगाँडो ! ऊ जिल्ल पर्छ । हुन त हो नि ! दक्षिणा लिँदै स्वर्गको पासपोर्ट बाँड्ने पण्डितहरूलाई सम्झन्छ ऊ, धर्म र पापको तिनलाई के वास्ता ? दस रुपियाँको गोदान डाँकाले गरे पनि स्वर्गकै बास पाउँछ । उसले आफू हजार दुःख खपेर पनि अरूलाई दुःख नदिएको सित्तैं भो त ? सित्तैं भो त ? ऊ चिच्च्याउँछ । स्वास्नी बोलाउँदै उठाइदिन्छे– के सित्तैं भो तपाईंको ?

उसको यो लोक पनि सित्तैं भो, परलोक पनि सित्तैं भो । यो लोकको हैसियत राम्रो नहुनेको परलोक पनि कुम्भीपाक हुन्छ । हत्या गरेरै भए पनि कमाउनुपर्छ, लुटलाट गरेर पनि जमाउनै पर्छ, करोडपति हुन सके हजारको पाटी बनाएर अखबारमा दानको विज्ञापन पाइन्छ, ढ्वाङ नठटाई गरेको धर्म स्वर्गको तथ्याङ्कविभागले कहाँ सुन्न सक्छ ? त्यसैले त व्यापारीहरू बहुतै चतुरा हुन्छन्, धरोधर्मको गलबन्दी गुतेर मन लागेको भाउ गर्छन् ।

धत्तेरि, फेरि म नास्तिक भएँ । तुलेगाँडो पछुताउँछ । हो, दुनियाँमा कसैको पनि गाँड छैन, उसको मात्रै छ, ऊ मात्रै अभागी छ, ऊ मात्रै हतभागी छ । त्यसैले ऊ गाँड चिर्न अस्पताल पुग्छ । रातो झोल प्याउँदै नर्स गिज्याउँछे– गाँडको ओखती निल्न गाह्रो पर्छ, एउटा राम्रो मफलर गुत्ने गर्नोस् न, देखिँदैदेखिँदैन नि ! उसलाई झोक चल्छ, ऊ लुकाएर सिप्लिस पाल्ने जातको मान्छे होइन । त्यसैले गाँड भनेको चिर्नै पर्छ चाहे भित्री होस्, चाहे बाहिरी । तुलेगाँडो एक्लै चिच्च्याउँछ । डाक्टर फकाउँछ– हुँदैन बा हुँदैन ! गाँड चिर्दा रुद्रघण्टी चिरिन्छ, मरिन्छ । त्यसैले एउटा पट्टी बाँधिदिन्छ उसलाई, पट्ठी स्वास्नीको आँखा पहिले पट्टीमै पुग्छ । गाँड चिर्न गएको मान्छे गाँडमा साइनबोर्ड टाँसेर आउँछ, ऊ पश्मिनाको गलबन्दी टक्र्याउँछे, तर तुलेगाँडो चिच्च्याउँछ– गाँडको समस्या गलबन्दीले समाधान हुँदैन ! ऊ गलबन्दी फ्याँकिदिन्छ, गाँड हल्लाउँदै बजार घुम्छ ।

ऊ गाँडो मात्रै होइन, लाटो पनि हो, लाटो मात्रै होइन, अब बौलाहा पनि भो– सर्वत्र यही चर्चा चल्छ, के ऊ पक्कै बहुलायो ? ऊ आफैँलाई शङ्का लाग्छ, घरमा पुगी ऐना हेर्छ– गँड्याहा र बौलाहाको समन्वय झन् नरमाइलो प्रतीत हुन्छ । ऐनाको गाँडले प्रश्न गर्छ– के गाँडको समस्या गलबन्दीले समाधान हुन्छ ? ऊ गलबन्दी ओढ्दै जबाफ दिन्छ– विज्ञानले चिर्ने चक्कुभन्द छोप्ने गलबन्दी धेरै बनाएको छ ।

गलबन्दीबाट तुलेगाँडाको दृष्टिमा अब मानचित्रभरि लाटैलाटाका देश देखिन्छन्, ऊ कोलम्बसभन्दा पनि ठूलो कोलम्बस हुन्छ, कतैको प्रधानपञ्च हुन्छ त कतैको प्रधानमन्त्री। हुँदाहुँदै भूगोललाई भकुन्डाभैँ बुझ्न हानिदिन खोज्छ ऊ, तर ऊजस्ता गाँडा अरू पनि त छन् नि! भकुन्डो राम्रैसित सुरु हुन्छ। लाटाहरूको सातोपुत्लो जान्छ, रेफ्री हुने मान्छे नै छैन। त्यसैले उनीहरू पूर्व फर्केर चिच्च्याउँछन्– यो विश्वमा जान्नेसुन्ने को छ हँ?

जबाफ आउँछ– तुलेगाँडो र म।

**रचनाबाट**

# आलु



आलुको नामकरण कसले कसरी गरेको हो, त्यो भाषाशास्त्रीहरू नै जान्लान्, तर मलाई लाग्छ– पहिलेपहिले खेतका आलीतिर उम्रेर फलेको भेट्टिएकोले यसको नाम आलु रहेको होला । तर मेरै विचार सबैले मान्नुपर्छ भन्ने केही छैन, तपाईं पनि आफ्नो तर्क तान्न सक्नुहुन्छ– कोही आले थरको मान्छेले पहिलो पटक पत्ता लगाएको वा खाएको हुनाले यसको नाम आलु रहेको हो कि ? भन्छन्– आलु पहिले कसैले खाँदैनथ्यो, तर अनिकाल परेको बखत उसिन्ने कुरा केही नपाएर सायद कुनै बूढाले आफ्नो बूढीलाई भन्यो होला– "आ, लेन त्यही गाँठा उसिनेर खाऊँ ।" यसरी 'आ लेन' भनेकोले

यसको नामै आले रहेको र खाँदा साह्रै मीठो भएकोले आलेलाई प्रेमपूर्वक पुकारी 'आलु' भनेको पनि हुन सक्छ ।

मान्छे भन्छन्– गोलभिँडा आलुको ठिमाहा छोरो हो, तर बोट उस्तै भए पनि एउटाको जन्म जराबाट, अर्काको जन्म हाँगाबाट हुने हुँदा यो तर्क खालि पहिलेपहिले गोलभिँडा खान पल्केका बाजेहरूले छाँटेको गफ मात्रै हो जस्तो मलाई लाग्छ । बरु, साँच्चै आलुको नातागोता नखोजी नछाड्ने हो भने पिँडालुसित सोध्नुपर्छ । पिँडालु आलुको बाबु हो, त्यो किट्न सकिन्न तापनि आलु र पिँडालुमा रगतको नातो छ भन्ने कुरा दुवैको मिल्दोजुल्दो नामले बताउँछ । एक शब्दमा दुवैको जात कन्दमूल र पेसा तरकारी-कारबार हो । उपव्यवसायमा पिँडालु कहिलेकाहीँ मस्यौरा-उद्योगमा सहयोग दिन्छ र यदाकदा घेवारेको तौल पुगेन भने भरथेग पनि गर्छ । यसबाहेक पिँडालुको त्यति प्रसिद्धि छैन, जति आलुको ।

पोलिएर, उसिनिएर, पाकेर, साँधिएर, तारिएर, चप, पकौडी, कट्लेट आदि विभिन्न परिकारमा परिणत भएर जुन बेला जस्तो चाहियो उस्तै बन्न सक्ने आलुको व्यक्तित्व साँच्चै नेपाली बुद्धिजीवीको जस्तै बहुमुखी छ । अर्थात् जसरी यहाँ एउटै व्यक्ति शिक्षक, दीक्षक, लेखक, सेवक, पत्रकार, अलपत्रकार, नेता, अभिनेता, जुन मौकामा जेको महत्त्व देखिन्छ, त्यसैमा फिट भइदिन्छ, त्यसै गरी आलु पनि जुन बेला जे चाहियो त्यसैमा फिट । ढिँडोलाई सितन चाहियो आलु फिट, जाँडलाई सितन चाहियो आलु नै फिट । ज्वाइँलाई झटपट खाजा ख्वाउनुपर्‍यो आलुको कबाफ, पाहुना धेरै लागे भने एक पाउ आलुमा एक पाथी पानी राखी छड्काइदिनोस् आलुदम काइदासाथ ।

त्यसैले आलु साह्रै जनप्रिय छ । विचार गर्दा आलु पिँडालुभन्दा निकै बाठोटाठो र अपटुडेट लाग्छ, त्यसैले यसलाई बूढो भन्न मेरो आलुप्रिय जिब्रोले कदापि सक्तैन । बरु बूढो बाबुचाहिँ पिँडालु नै होला, किनभने यसका मुखभरि रौँ र कत्ला देखिन्छन् । तर आलुको अनुहार सधैँ सुकुमार, मानौँ उठ्नेबित्तिकै अपटुडेट सैलुन पुगेर आएको युवकजस्तो । दाह्रीजुँगा नभएका भन्दा तपाईंहरू शङ्का गर्नुहोला– के आलु स्त्रीजाति त होइन ? कुन्नि वा गोलभिँडालाई आलुको ठिमाहा छोरो भनेको कारण आलुले पिँडालुसित लभ गर्दागर्दै पाएकोले पो हो कि ? जे होस्, को कसरी जन्मेको हो र कसको जात के हो त्यो नालीबेली लगाइरहनुपर्ने जरुरत छैन । मैले त आलुको सामान्य परिचय मात्र दिन खोजेको हुँ, मैले चिनेसम्म आलुको नाम आलु, आलुको थर आलु, आलुको

बाबु-बाजे-बराज्यू आलु, आलुको छोरा-नाति-पनाति आलु, आलुको मामा-भानिज-साला-जेठान आलु, आलुको लोग्ने-स्वास्नी, प्रेमी-प्रेमिका, जार-नाठो सप्पै आलु ।

आलु कस्तो मिलनसार छ भने गान्टोमा स्वयं गान्टेमूलादेखि लिएर अग्लोमा लौकासम्म, चुच्चेमा स्वयं चुच्चेकरेलादेखि लिएर बुच्चेमा परवरसम्म, खाँदिएकोमा गुन्द्रुकदेखि लिएर बाँधिएकोमा कुरिलोसम्म, जेसँग जसरी मिलाइदिनुहोस् आलु ठ्याम्मै मिलिहाल्छ । त्यसैले धनी, गरिब, मानी, मगन्ते, विद्वान्, लम्फू, बुद्धिमान् लट्ठू साराका भान्सामा आलुको समान सम्मान छ, समान प्रवेश र प्रतिष्ठा छ । यस अर्थमा आलुलाई समाजवादी, समन्वयवादी, साम्यवादी तपाईं जे नाम दिनुहोस्, वस्तुतः आलुको मूल सिद्धान्त आलुवाद नै हो । जतिसुकै समानताको आदर्श राखे पनि आफूआफूमा मेल नगर्नु आलुवादको विशेषता हो । आलु वर्णले रातो र सेतो हुन्छ, सायद अफ्रिकाका फाँटतिर काला आलु पनि होलान् । तर अहिलेसम्मको अध्ययनमा सेतो आलु नै ठालु मानिन्छ । त्यसैले सेतो र रातो आलुको भाउमा मसिनु र उसिनुको जत्तिकै फरक पर्दछ भने सेतो र कालोमा चाहिं मार्सी र कोदोजत्तिकै । त्यस्तै फलाइका, तल्लाइका, कटाइका, प का भेदले पनि आलुलाई विभिन्न वर्गमा बाँड्न सकिन्छ, जसको वर्णन गरेर यहाँ साध्य छैन ।

कसैलाई ढाकेबाट सोभै भन्सारअड्डाको हाकिम हुने काकताली पर्‍यो र यता बहाली गरेको भोलिपल्टै उता जेठी सासूको अपुताली पनि पर्‍यो भने हामी भन्छौं– फलानाको तालुमा त आलु फलेछ । यसरी फल्ने आलुलाई न मल चाहिन्छ, न जल, न माटो चाहिन्छ, न स्थल । कसैको गौं पनि उम्रन नसकेर बाँभो पल्टिरहेको तालुमा पनि रोप्नु न गोड्नुसित आलु फलिदिन्छ । यसरी तालुमा आलु फलेपछि मगजमा पिँडालु भरिएका र मुटुमा नालु घेरिएका भलादमी पनि ठालु हुन्छन् । जसको तालुमै आलु फल्छ, उसलाई तरकारी-समस्याले त के पिर्थ्यो र, सरकारी नियमकानुनले पनि केही लछार्न सक्तैन । त्यसैले आलु परम भाग्यको प्रतीक हो, जो तालुमा फलाउन सक्यो भने आफ्नो जीवन मात्र होइन, सालीपट्टिका सात पुस्ता र भिनाजुपट्टिका नौ पुस्तासम्म सङ्कटमुक्त हुन्छन् ।

तर एकातिर परम सौभाग्यको प्रतीक गनिने हाम्रो महामान्य आलु अर्कातिर दुर्भाग्यको गाली पनि भइदिन्छ । हिँड्दाहिँड्दै कसैले तपाईंलाई "ए फलानाले त आलु खाएछ नि थाहा पाइस् ?" भनी सुनायो भने कहिले, कहाँ,

कसरी र कति प्लेट आलु खाएछ भनी बुझ्नुभन्दा पहिल्यै 'हरे शिव' भनी अपसोच प्रकट गर्नुहुन्छ। दुनियाँमा कोको केके खान्छन् केके ? कोही माड खान्छन् त कोही जाँड खान्छन्, कोही जुस खान्छन् त कोही घूस खान्छन्, कोही ताली खान्छन् त कोही अपुताली खान्छन्। यी सबै खाएको सुन्दा तपाईंलाई कुनै अपसोच लाग्दैन (पाए आफैं उडाउनुहोला बरु) तर कसैले आलु खाएको सुन्नासाथ मुख बिगारेर च्चः च्चः भन्ने किन ? किनभने यहाँ सबै थोक खाए पनि आलु खान हुन्न, फलानाले आलु खायो भन्नुको मतलब उसले परीक्षामा पुल्टुङबाजी खाएछ या आलु भनी आफ्नै जिब्रो टोकेर परमधामको बाटो तताएछ भन्ने बुझिन्छ। अब तपाईं नै भन्नोस्, जुन आलु तालुमा फल्दा मान्छे ऐश्वर्यशाली भनिन्थ्यो, यही आलु खाएछ भन्दा गुल्टिएछ भन्ने बुझिन्छ भने आलु आफैं सौभाग्यको वस्तु हो कि दुर्भाग्यको ? आलुवादी दर्शनमा यो महत्त्वपूर्ण प्रश्न हो।

जिब्रो मिठ्याउन होस् वा भुँडी उक्स्याउन, आलु सबै खान्छन्। तर कसैलाई आलु खान लागेकै बखत "तपाईंले आलु खानुभो कि क्या हो ?" भनेर मुस्कुराई सोध्नोस्, त्यही आलुको चौटोले तपाईंको तालु ताक्छ। कस्तो विचित्रता, आलु खाए पनि म᳚ खाएको कुरा सकार्न सक्तैन। सायद यसैले होला 'आलु खाएर पेडाको धाक' लगाउने चलन चलेको। उसिनाको भात हसुरेर मसिनाको भुजा ज्यूनार गरें भन्नेदेखि लिएर बम पड्काई शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जादर्जाका धक्कुबाजहरू संसारमा पाइन्छन्। वास्तवमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन्, अर्थात् कर्मले गरेका नीचतालाई धाकले ढाक्नु आलुवादको धार्मिक पक्ष हो, जो बीसौं शताब्दीका प्रत्येक व्यक्तिले पालन गर्नै पर्छ।

तर आलु त्यति तुच्छ वस्तु कहाँ हो र जसलाई पेडाको तुलनामा यत्रो इन्सल्ट गरिएको छ। भनूँ भने कति हलुवाई दाजुलाई पेडा बनाउन मद्दत गर्दो हो– यही आलुले। मान्छेलाई बैगुनी भन्नुपर्ने कारणै यही हो, ऊ गुणको पारख गर्नुको साटो बेइज्जती गर्छ– कसैको राम्ररी टाइम नदिने घडी रहेछ भने प्याक्क भनिदिन्छ– यो कस्तो आलुघडी। यसै हो भने भोक, रोग र शोकले सुकेर सामर्थ्यहीन भएका आजका लाखौं मान्छे के साँच्चै आलुमान्छे होइनन् त ? किन होइनन् ? आलु खाएर पेडाको धाक नलगाउने हो भने वास्तवमा आलु नै मान्छे र मान्छे नै आलु हो– त्यसैले कहीं उसिनिन्छ, कहीं कबाफ लाग्छ।

तर जेसुकै होस्, म सधैं आलु खान्छु, तर मलाई सधैं आलु खान डर लाग्छ किनभने म पनि बीसौं शताब्दीकै आलुमान्छे, जसको कर्म हो आलु खानु; तर धर्म हो आलु खाएर पेडाको धाक लगाउनु ।

त्यसैले आलुको बारेमा लेखिएको यो निबन्धलाई कसैले आलु-निबन्ध भन्छ भने भनिरहोस्, मेरो दृष्टिमा यो पूरापूरा पेडा-निबन्ध हो ।

**रत्नश्रीबाट**

# मान्छे मोडेल १९६७



गुड्नेमा गुज्जादेखि कारसम्म, उड्नेमा बेलुनदेखि टेलिस्टारसम्म, जड्नेमा औंठीदेखि हारसम्म, अड्नेमा झुपडीदेखि दरबारसम्म, सबैको मोडेल बारम्बार बदलिन्छ, तर मान्छे नै यस्तो थोत्रो प्रडक्सन हो, जसको मोडेल जहिले हेरे पनि जस्तातस्तै । उही एउटा कुभिन्डोजस्तो टाउकोमा टिप्लिकटिप्लिक टर्चका गुलुबजस्ता एक जोर आँखा, मध्यसडकमा अलपत्र मिर्किएको डबल पाइपवाला ढलजस्तो छन्द न बन्दको एउटा नाक, जति टाले पनि छिनछिनमा हिङ्ग भई फुस्किने पड्केको टयुबजस्तो एउटा मुख–

साँच्चै मान्छेको मोडेल अघि आखेट-युगमा जस्तो थियो, हाल रकेट-युगसम्म उस्तै छ। कमसेकम दुइटा आँखालाई दुईतिर गालामा टाँसेर साबिक दुईप्वाले तेर्सो नाकलाई मिङ्गलप्वाले दुई गोल बनाई हाल आँखा रहेको ठाउँमा राखिदिन पाए पनि मोडेलमा अलिकति हेरफेर पक्कै आउँथ्यो। या हात, खुट्टा, आँखा, कान डबलडबल भएपछि आजको बुद्धिवादी युगमा टाउका पनि डबलै जड्दिन पाए मान्छेले डबल बुद्धि निकाल्न सक्थ्यो। एउटा टाउकाले ज्ञानको काम गर्थ्यो त अर्काले विज्ञानको। टाउको थप्न नसके भएका दुइटा कानलाई नै एउटालाई टाउकामा अर्कोलाई पैतालामा राखिदिन पाए एकातिरबाट आकाशवाणी सुन्न पाइन्थ्यो भने अर्कोतिरबाट पातालवाणी पनि सुनिँदो हो। अथवा हरेकसित दुईदुइटा आँखा छन् भने एउटा अगाडि एउटा पछाडि जड्दिएको खण्डमा मोडेलमा चेन्ज आउनु त छँदै छ, देउतास्थानमा दर्शन गर्न जाँदा अघिल्लो आँखा देउतामा चढाउन पनि पाइन्थ्यो, पछिल्लो आँखा कुनै देउतीतिर लडाउन पनि पाइन्थ्यो। तर के गर्नु र ? ब्रह्माजी बूढाले जस्तो बनाइदिए त्यसमा कत्ति पनि अदलबदल गर्न सकिएन। अरूको कुरा किन गरूँ, म आफैँले सात समुद्रपारिका सत्र जना नामुद इन्जिनियर झिकाएर बिलकुलै अत्याधुनिक मोडेलको बङ्गला बनाएँ, न्युयोर्कबाट अल्ट्रा मोडर्न मोडेलको कार ल्याएँ, हङकङदेखि हलिउडसम्म घुमाएर श्रीमतीलाई अत्याधुनिक फेसन सिकाएँ, तर बैठकको ऐनामा उभिएर हेर्‍यो– आफ्नो त उही दुई हात, नाक, आँखाका खोपामा टिलपिल-टिलपिल तिनै जिरो वाटका गुलुब। छ्या ! रिसै उठ्छ, कस्तो आउट् अफ् डेट् मोडेल ! एक रात साह्रै दिक्क लागेर म ओछ्यानमा पल्टी सोच्तै थिएँ– मान्छेले सयौँ पटक आफ्नो इतिहासको मोड बदल्यो, कैयौँ पटक आफ्ना आवासहरूको मोडेल बदल्यो। उदाहरण लिन अन्त किन जानुपर्‍यो र ! ९० सालको भूकम्पले पुराना घर स्वाहा हुँदा यहाँ कति नयाँ मोडेलका घर बने, नयाँ बाटा बने, यही क्रममा पुराना अनुहार स्वाहा भएपछि मान्छेले सक्ने भएको भए त्यसपछि जन्मनेको अनुहारै बेग्लै पार्दैनथ्यो त ? साँच्चै त्यसै हुँदो हो त ९० सालयताका प्रत्येक मान्छे पखेटावाल हुन्थे होला, किनभने भैँचालो जाँदा भाग्न नभ्याई भकान हुनुपरेको अनुभवले उसलाई पक्कै सुझ्थ्यो– पखेटा भइदिएको भए भूकम्प हुनासाथ मिले झ्यालबाट, नमिले खटप्वालबाट फुत्त निस्की भुर्र उड्न पाइन्थ्यो। साँच्चै आजका युवक-युवतीहरू सारा पखेटावाल भइदिएको भए हाम्रो मात्रै होइन,

नेपालकै मोडेल बदलिइसक्थ्यो। नेपालको मात्र होइन, दुनियाँकै मोडेल बदलिइसक्थ्यो। तर के गर्नु, विचारको दृष्टिले दस सेकेन्डमा दस अवतार लिन सक्ने मान्छेले दस हजार वर्ष कोसिस गरे पनि आफ्नो अनुहार बदल्न सक्तैन। ब्रह्माजी बूढालाई कतै भेट्न पाए मेरो पहिलो उजुरी हुन्थ्यो– "ए बाजे, केही त बदलिदिनोस्।"

राति निकैबेर ओछ्यानमा पल्टेर तर्कना गर्दागर्दै नभन्दै ब्रह्माजीसित टुप्लुक्क मेरो भेट भइहाल्यो। ढुङ्गो खोज्दा देउता मिलेजस्तो सन्जोग! भियतनाममा बम पड्केको सुनेर 'ए मान्छेका छाउराहरूले मेरो सुन्दर सृष्टि भताभुङ्ग पारिदिन आँटेछन्' भन्ने पीरले रन्थनाउँदै हिँडेका रहेछन् बूढा त। भेट हुनासाथ ढोगभेट गरेर मैले आफ्नो अर्जी गरें– "मान्छेको मोडेल साह्रै आउट् अफ् डेट् भो बाजे, यही असन्तुष्टिले कुण्ठित भएर मान्छे जे पायो उही फलाक्न थालेको छ! नपत्याए बिटनिकहरूलाई सोध्नोस्, कति विद्रोही भएर निस्केका छन् उनीहरू, सैगोनमा गएर अमेरिकी सिपाही र भियतकङ गुरिल्लाहरूलाई भेट्नोस्, कसरी उम्लेको छ उनीहरूको रगत! यस्तै चाल हो भने बाजे, हाइड्रोजनको एक वृष्टिमा तपाईंको सम्पूर्ण सृष्टि खतम!"

ब्रह्माजीले सुस्केरा हाल्दै भने– "ठीक छ, मान्छेको मोडेल बदलिदिन म तयार छु, तर कस्तो मोडेलमा ढालिदिऊँ, लौन त तिमीहरू पनि केही सुझाव देओ, हामीले युग बदल्यौं भन्छौ, बदलिएका युगको अनुकूल मान्छेको मोडेलको एउटा इस्टमेट पनि देओ न त मलाई।" बूढाको कुरा मलाई पनि मनासिबै लाग्यो र नयाँ मोडेल कस्तो हुनुपर्छ भन्ने राय लिन विभिन्न विद्वान्, बुद्धिमान्हरूलाई निम्ता पठाएर राष्ट्रिय रङ्गशालामा एउटा बृहत् सभा बोलाएँ। सभापतिको पदमा ब्रह्माजी स्वयं निर्वाचित भए।

आजको आर्थिक युगमा मान्छेको मोडेल पनि सकेसम्म छरितो र कम खर्ची हुनुपर्छ भन्दै एक जना अर्थशास्त्रीले आफ्नो राय व्यक्त गरे– "टाउकाको टुप्पामा एउटा आँखा जडिदिनू, सुन्नको लागि त्यहींनेर एउटा सानो एरियल राखिदिनू, हावा र खावा पास गराउन त्यहींनेर दुइटा प्वाल खोपिदिनू सिद्धिगो। यो दमाहाजस्तो पेटको बिलकुलै जरुरत छैन, पाकस्थली राख्न एउटा सानो बेलुनजस्तो पेट भए पर्याप्त। आइमाईलाई एकोटा अस्थायी पाठेघर राखिदिनुपर्छ जो दुइटा छोराछोरी पाउनासाथ स्वतः सुकेर गइहालोस्; त्यसो भए जनसङ्ख्या पनि अटोमेटिक मेथडबाटै कन्ट्रोल हुन्छ।"

राजनीतिक दृष्टिले हेर्दा हामीलाई मान्छे घटाउनुभन्दा बढाउनु जरुरी छ भन्दै एक राजनीतिज्ञले भने– "मान्छे बढे नागरिक बढ्छन्, नागरिक बढे सैनिक बढ्छन्, सैनिक बढे शक्ति बढ्छ अनि विश्वमा शक्तिसन्तुलन हुन्छ । त्यसैले पेट नराखे पनि प्रत्येक महिलामा एक-एक दर्जन पाठेघर राखिदिनुपर्छ ता कि वासिङ्टनमा एउटी आइमाई सुत्केरी हुँदा सैगोनमा बाह्र जना अमेरिकी सैन्य थपिन सकून् । साथै मान्छेलाई आँखाजस्तो मुख पनि डबल हुनु जरुरत छ । यसो भएमा परेको बेला एउटा मुखले शान्तिवार्ता र अर्को मुखले युद्धवार्ता एकै पटक गर्ने सुविधा विश्वका राजनीतिक नेताहरूलाई मिल्दछ ।"

उनको भाषणपछि एक जना धर्मशास्त्रीले कड्किएर भने– "पाप गर्ने अङ्गहरू सबै फेरी खालि पुण्य गर्ने अङ्गलाई मात्र नयाँ मोडेलमा स्थान दिनुपर्छ । त्यसैले पहिला यो फोहोर धुने देउरे हातै झिक्नुपर्छ, दिसा-पिसापका यन्त्र उडाइदिनुपर्छ ।" उनी बोल्दै थिए, एक जना डाक्टरले घोर विरोध गरे– "यसरी त शरीरै चल्दैन । मेरो विचारमा सम्पूर्ण रोगहरूको कारण पेट हो, किनभने यसमा जथाभावी आहार कोचेर मान्छेले नाना थरी रोग जन्माउँछ– त्यसैले नयाँ मोडेलमा पेट राख्नहुन्न ।" उनीहरू बोल्दाबोल्दै एक जना मनोवैज्ञानिकले कुरा काटे– "सम्पूर्ण दुःखको कारण मानिसको चिन्ता हो, चिन्ता दिमागबाट उत्पन्न हुन्छ, त्यसैले नयाँ मोडेलमा टाउकै नराखे कसो होला ?" तर वेदान्ती महोदयलाई यो पटक्कै मन परेन । उनले भने– "निरञ्जन निराकार चैतन्य परमेश्वरको प्राप्तिका लागि मान्छेको चैतन्यशक्ति विस्तृत पार्नुपरेकोले नयाँ मोडेलमा टाउका बाह्रओटा राख्नुपर्छ । इन्द्रियहरू सब लोभ, मोह, मद, मात्सर्यका कारण भएकाले टाउकोबाहेक अरू कुनै पनि अङ्गको जरुरत छैन, हिँड्नडुल्न बाह्रै टाउकामा ससाना पाङ्ग्रा राखिदिए भइहाल्यो ।"

एउटा कविलाई यो मन परेन, उनले भने– "मान्छे सौन्दर्यको उपासक हो, सौन्दर्यपानको लागि उसको टाउकामा दुई आँखाले पुग्दैन, दुई हजार आँखा चाहिन्छ । साथै उसलाई बाह्रओटा वेदना खप्ने छाती चाहिन्छ ।" तर अर्को कविले संशोधन गर्दै भने– "हामीलाई मुटुसुटु चाहिन्न, एउटा ठूलो टाउको हुनुपर्छ, प्रत्येक इन्द्रिय पत्थरको चाहिन्छ ।"

पत्रकारले राय व्यक्त गरे– "नयाँ मोडेलमा मान्छेको पखेटा हुनै पर्छ, नाकको जरुरत छैन, चारओटा मुख र बाह्रओटा जिभ्रो हुनु नितान्त जरुरी छ

त्यसो भए मान्छे धेरै बोल्छ, नयाँनयाँ समाचार धेरै पाइन्छ ।"

साथै किसान र मजदुर दुई जनाले पनि आफ्नो संयुक्त राय प्रकट गरे– "नयाँ मोडेलमा मुख एउटै भए पुग्छ, तर हात एक दर्जन चाहिन्छ, टाउको सकेसम्म सानै होस् तर आङ र टाङ हात्तीकै जत्रो हुनुपर्दछ ।" यस्तैमा एउटी युवती भीडबाट निस्केर मञ्चमा पुगी फलाक्न थालिन्– "मोडेल चेन्ज गर्दा स्त्री र पुरुषको मोडेलमा लिङ्गभेद गर्न हुँदैन, प्रत्येकको नाकमुनि जुँगा होस्, प्रत्येकको पेटमुनि एउटा पाठेघर होस् । छोरा पाउनुपरे बाबुले, छोरी पाउनुपरे आमाले पालैसित पाए भइहाल्यो ।"

"अब कृत्रिम गर्भाधान सुलभ हुन आँटिसकेकोले लिङ्गभेदै हुनुपर्छ भन्ने म पनि मान्दिनँ, तर चन्द्रलोक र मङ्गललोक पनि आबाद गर्नुपर्ने भएकोले अब प्रसवक्रियाचाहिँ दुवै थरीलाई अनिवार्य गराउनै पर्छ" भन्दै एक वैज्ञानिकले राय झिके– "वरु आहारको लागि इन्जेक्सनले काम चल्ने हुँदा पेट नभए हुन्छ ।"


अर्को वैज्ञानिकले भन्यो– "अब कम्प्युटरले सबै काम गर्ने भएकोले मान्छे बनाउने झन्झट किन ?"

यसपछि एक फिल्म अभिनेताले भने– "मान्छे काला र गोरा मात्रै किन ? नयाँ मोडेलमा हरिया, नीला, झालेमाले, छिरबिरे, आकाशरङ्गी, पहेँला, सब रङ्गी बनाउनुपर्छ ।"

एवंक्रमले मतमतान्तर चल्दै गए, सबैको कोसिस ब्रह्माजीलाई एकोहोऱ्याएर आफूले भनेबमोजिमको मोडेल स्वीकृत गराउनुमै लागेको थियो । राजनीतिज्ञचाहिँ नजिकै बसेर कहिले बूढाको दाह्री कन्याइदिन्थे, कहिले ख्वाक्क खोक्ना फिकदानी लिई उनको अघि सर्थे । सबै आआफ्नो रायको औचित्य साबित गर्न अरूको रायको निन्दो र चर्चो गर्न थाले, अलिअलि गर्दागर्दै धेरै भयो, सल्लाह गर्दागर्दै हल्ला बढ्यो । कुस्ताकुस्ती र मुक्कामुक्की हुन थाल्यो– ब्रह्मालाई पर्नसम्म फसाद पऱ्यो । त्यसैले उनले एउटा कम्प्रोमाइज कमिटी गठन गरे– सबैको राय ख्याल गरी उपयुक्त मोडेलबारे यथाशीघ्र रिपोर्ट दिनु नै त्यसको काम थियो ।

कमिटीले सबै विद्वान्, विशेषज्ञ, बुद्धिमान्, व्यवहारज्ञको मतमतान्तरको अध्ययन गरी सन् १९६७ को लागि मान्छेको एउटा मोडेलचित्र तयार गरी ब्रह्माजीछेउ पेस गऱ्यो ।

चित्र यस्तो थियो–



नित्य रिंगिरहने एउटा च्याप्टो जाँतोजस्तो टाउको, टाउकाको वरिपरि दसतिर फर्किएका दसोटा एरियल, निधारमा माखोजत्रो एउटा आँखो; नाक, कान, गाला केही छैन, तीन बित्ता लम्बाइ, तीन बित्ता चौडाइको एउटा चारपाटे मुख, मुखभित्र बाह्रओटा जिभ्रा, चारओटा दाँत, छाती दुनोजस्तो, पेट सारङ्गीजस्तो, हीप कीपजत्रो, नलीखुट्टा नीपजत्रो ।

ब्रह्माजीले त्यो चित्र लिई प्रत्येक व्यक्तिलाई सोध्न थाले– "के यही हो तिमीले खोजेको नयाँ मोडेल ?"

एउटाले भन्यो– "छि: यस्तो पनि नयाँ मोडेल हुन्छ ?"

अर्कोले भन्यो– "यो त मान्छेजस्तो नै देखिएन !"

अर्कोले भन्यो– "आबै ! यस्तो पनि मान्छे हुन्छ ?"

अर्कोले भन्यो– "यस्तो बनाउनुभन्दा चाहिँ बरु फेर्दैनफेर्नू !"

धेरैले एकै स्वरमा भने– "भैगो ब्रह्माजी ! भैगो । हामीलाई आउट अफ् डेट् भए पनि साबिकै मोडेल ठीक छ ।"

"अनि के बौलाइराखेका त तिमीहरू ?" –ब्रह्माजी गर्जे ।

उनको गर्जना सुनेर मेरो पनि निद्रा खुल्यो । झटपट उठेर आङ तान्दै ऐनाअघिल्तिर उभिएँ, आफ्नो अनुहार आफैँले म्वाइँ खाऊँ जस्तो राम्रो लाग्यो । त्यस दिनदेखि मोडेलको कुरो उठ्यो कि म मान्छेको नयाँ मोडेल सम्झन्छु, अनि मेरो दिमागमा चक्करगाउन आइपुग्छ उही मान्छे मोडेल १९६७ ।

**रमझमबाट**

# पच्चीसौँ शताब्दी अङ्गप्रत्यङ्गमा




"आच्या, नाक त नेप्टै पो देख्छु नि; नफेरी आउँदिनँ भन्नुहुन्थ्यो, खोइ त फेरेको ? केन्द्रतिर जाँदै जानुभएन कि क्या हो ?" एकसुरले तानाबाना बुन्दै फर्केको नेपुलकलाई कोठाभित्र पस्नेबित्तिकै स्वास्नीले झल्याँस्स पारी, ऊ घर आइपुगेछ ।

"केन्द्रतिर नगएको त कहाँ हो र ? तर... ..." वाक्य पूरा हुँदानहुँदै नेपुलकको दिमागमा एउटा स्विच घुम्यो, उसको अघिल्तिर न्यु स्टेटस्थित 'अङ्ग-परिवर्तन केन्द्र' भन्ने सङ्केतपाटीसहितको विशाल भवन उभिन आयो । आफ्नो कोठा कोठैकोठा भई तानियो– कुनैमा तन्द्राङतुन्द्रुङ हातैहात झुन्डिएका, कुनैमा खुट्टैखुट्टा । अर्कापट्टि लङ मिलाई पारदर्शक बट्टामा राखिएका नाक, कान र आँखाहरू अनि भित्ताको मानो कोठामा 'गोप्य' अङ्कित बट्टामा स्त्री र पुरुषका जननेन्द्रियहरू ।

नेपुलकले कोट फुकालेर मिर्कायो । अनि सुटुक्क सोफामा बसी स्वास्नीतिर एकटकसित हेर्‍यो । हेर्दाहेर्दै स्वास्नी थेप्चिएर पुड्की भई, पग्लिएर कमली भई, बैंसको बाक्लो पालिसले उसको गाला फक्रक्क फक्रे, चिम्सा आँखा लम्बिएर टिप्लिकटिप्लिक चलमलाउन थाले, नेपुलकको आँखा जुध्यो । त्यो कप्लक्कै निलिदिऊँ जस्ती नमुनाकी तरुनी मुस्कुराएर सोधिरहेकी थिई– "भन्नोस् श्रीमान्, तपाईंको कुन अङ्ग फेर्नुपर्‍यो ?" नेपुलक अनकनाउँदै थियो, तरुनीले फेरि सोधी– "भन्नोस् न, म यस केन्द्रकी रिसेप्सनिस्ट कम् गाइड हुँ, मेरो नाम् हो सुकुमारी प्यारेन्टलेस् ।"

नेपुलकले हडबडाउँदै भन्यो– "ए, त्यसो भए तपाईंसँग कुरा गरे पनि त भो नि, होइन ?"

"साँच्चै भनूँ भने म त यो अङ्गपरिवर्तन केन्द्रमा आज पहिलो पटक आउँदै छु, अझ भनूँ भने यहाँ कुन अङ्ग परिवर्तन हुन्छ र कसरी के दरमा हुन्छ त्यो पनि मलाई थाहा छैन ।"

सुकुमारी एउटा कान उसको कुरातिर लगाई जबाफचाहिँ अर्कै एउटा ग्राहकतिर फर्केर दिँदै थिई– "ल यो कागज लिएर सर्जरी रुममा जानोस्, डाक्टरले तपाईंको आँखा सरक्क झिकेर राख्छ, तपाईंले रोजेअनुसार भर्खर एउटा पर्यटकले फेरेर मिर्काएका एक जोर मधुरा आँखा छन्; त्यही जड्न लगाउनुहोस्, अनि एकाउन्ट अफिसबाट बाँकी पैसा लिई जानोस् । दुई घण्टामा झिक्ने-हाल्ने दुवै काम चट् ।"

त्यो मान्छे गयो । नेपुलकतिर हेरेर सुकुमारीले भनी– "बुझ्नुभयो, यो अङ्गपरिवर्तन केन्द्रमा सबै थोकको सुविधा छ । तपाईं आफ्नो कुनै अङ्ग बेच्न चाहनुहुन्छ भने स्ट्यान्डर्ड र इन्टरनेसनल मार्केटमा त्यसको माग हेरी उचित मोलमा हामी किनिदिन्छौं, तपाईंको कुनै अङ्ग छैन अथवा भए पनि गतिलो छैन र फेर्न चाहनुहुन्छ भने रोजेर किन्न सक्नुहुन्छ; यहाँ नभएको अङ्ग रहेछ भने अर्डर दिएको तीन दिनभित्र हामी मगाइदिन्छौं । जीवित अङ्ग बेचेर कृत्रिम अङ्ग जड्न चाहनुहुन्छ भने त्यो पनि जडेर पठाइदिन्छौं । जीवित अङ्गको जडान शुल्क १००।– छ र कृत्रिमको १०।– मात्र । अब भन्नोस्, तपाईंको के सेवा गरूँ ?" सुकुमारीले गालामा गुराँस फुलाई ।

नेपुलकले अनकनाईअनकनाई भन्यो– "अरू त केही होइन, यो नाक एउटा अलि नेप्टो भएकोले फेरूँ कि भनेर आ'को ।"

सुकुमारीले फोनमा रिङ गर्दै भनी– "हलो, हलो नाक सेक्सन !"

जबाफको प्रतीक्षामा रिसिभर गालामा अडचाउँदै नेपुलकतिर फर्केर भनी– "फेर्नु त पर्छ त ! पच्चीसौं शताब्दीमा पनि यस्तो नेप्टो नाक लिएर निर्वाह हुन्छ त ?"

नेपुलकलाई यो आवाज स्वास्नीको जस्तो लाग्यो । नभन्दै उसकी आफ्नै स्वास्नी सोफानिर उभिएर भनिरहेकी थिई– "यस्ता असभ्य मान्छेसित के कुरा गर्नु । नेप्टो नाक देख्ता म्वाई खानै घिन लागेर पो फेरेर आउनोस् भनेकी ! साँच्चै अङ्गपरिवर्तन केन्द्रमा स्तनको भाउ के रहेछ हँ ?"

प्रश्नले नेपुलकलाई फेरि घचेटेर अङ्गपरिवर्तन केन्द्रमा पुऱ्यायो । सो-रुमहरूमा विभिन्न अङ्गप्रत्यङ्गहरू देखाउँदै सुकुमारी भनिरहेकी थिई– "यी बीस-बाइसे स्तन भर्खर हिजो मात्रै दुइटी तरुनीले बेचेर गएका ।"

नेपुलकले आश्चर्यचकित भएर सोध्यो– "बीस-बाइसैमा स्तन बेच्ने वैराग्य किन आएको त ती मोरीहरूलाई ?" सुकुमारीले खिस्स हाँस्तै भनी– "ती दरिद्र मोरीहरूलाई यति टुमुक्क परेका स्तनहरू किन चाहिए त; आफ्ना स्तन चचार हजारमा बेचे, चचार सयमा यहाँ बूढीहरूले फेरेर मिल्काएका झुम्रे स्तन टाँसे, गए । छाती रित्तो पनि रहेन, ढिँडो निस्तो पनि रहेन । बरु तपाईंकी श्रीमतीलाई चाहिन्छ भने लैजानुहोस्, आजै लिनुभए अलि सस्तैमा पाउनुहुन्छ भोलिसम्ममा यी उडिसक्छन् । स्तनको माग कति चढ्दो छ, तपाईंलाई के थाहा ! भोलि नै यो आठ हजार जोडीमा बिक्छ ।"

"एक जोर बीस-बाइसे स्तनको आठ हजार पर्दो रहेछ !" नेपुलक स्वास्नीलाई उत्तर दिन्छ । स्वास्नी एक पटक जिब्रो काढ्छे र पोइको उत्तर दोहोऱ्याउँछे– "एक जोरको आठ हजार !" एकछिन गमेर अनुनयपूर्वक पोइको नजिक गई भन्छे– "एउटा कुरा भन्छु मान्ने है त !" अन्यमनस्क भावमा नेपुलक सोध्छ– "के ?" "मलाई पनि एक जोर बीस-बाइसे स्तनको साह्रै रहर लागेको छ । आफ्नो बेचेर नपुगेको पैसा थपी किन्न पाए कस्तो हुन्थ्यो !"

"कुन आँखा फुटेकीले किन्ली र तिम्रो बेलुन फुटेजस्ता स्तन ।" नेपुलक स्वास्नीतिर फर्केर झोक्किन्छ ।

"आँखा फुटेकीले आँखै किनिहाल्छे नि ! सुटुक्क लगेर बेचिदिऊँ, कसले थाहा पाउँछ र मैले स्तन बेचेको ?" नेपुलकको मुखाकृतिमा रिसले घिनको गुइँठा पाऱ्यो; छ्या, कस्तो जुग आयो ।

"बुझ्नुभयो, जुग अर्कै आयो ।" रिसेप्सनिस्ट ठिटीले सो-रुममा

हिफाजतसाथ राखिएका मुटुहरू देखाउँदै भनी– "आजको जुगमा पैसाले साथ दियो भने मान्छे हजारौं वर्ष बाँच्न सक्छ । एक अमेरिकी धनपतिको कुरा सुनिहाल्नुभयो । २२५ वर्षको उमेरमा यसपालि फेरि उनले आफ्नो मुटु फेरेछन् । औषधिविज्ञानको कत्रो प्रगति !"


"हो, औषधिविज्ञानको उन्नतिले गर्नसम्म गऱ्यो । मान्छे पनि मोटरझैं फड्ल्याङफुड्लुङ फुक्लने भयो, टाकटुक जोडिने भयो, कृत्रिम टयुबमा बच्चा जन्मने भयो, तर शक्ति र सम्पत्ति नहुनेहरूको निम्ति के भयो ?" नेपुलक गम्भीर मुडमा सोच्दै थियो । रिसेप्सनिस्ट सुकुमारीले अर्को शो-केस देखाउँदै भनी– "लौ, तपाईंले नाक खोज्नुभएको होइन ? कुन नाक हाल्नुहुन्छ ? रसियन नाक तपाईंको बनोटमा अलि म्याच गर्दैन । अमेरिकी नाकको कलरै नमिल्ने भइहाल्यो, चिनियाँ नाक हाल्नोस्, तपाईंलाई मङ्गोलियन टाइपकै नाक सुहाउँछ । अचेल फेसन सानो नाकको छ बुझ्नुभयो ?" नेपुलकले मुन्टो हल्लाउँदै भन्यो– "मलाई त नेपाली नाकै दिनुहोस् बा, हिसी र रङ्ग दुवै फिट हुन्छ ।" तर रिसेप्सनिस्ट तरुनीले नेपाली नाक पाउनै मुस्किल छ भन्दै टिप्पणी गरी– "छन त एक दर्जन नेपाली नाक छन्, तर यी सबै विदेशीको अर्डरमा लिइराखेका, आखिर विदेशी मुद्रा कमाउनु पनि त पऱ्यो । हाड हार्मोन्स सबै विदेशबाट झिकाउनुपर्छ । फेर्नै पर्ने भएपछि नेपाली नाक नै के टाँस्नुहुन्छ त ? ल, यो इन्डियन नाक हाल्नोस्; सस्तो, राम्रो, बलियो, मलाई त यस्तै मन पर्छ ।"

नेपुलकलाई त्यो नाक अलि असजिलो होला जस्तो लाग्यो– वास्तवमा उसलाई आफ्नो शरीरमा बेजातको अङ्ग जड्ने मन छैन । तर ऊ कुरा टार्न खोज्दै भन्छ– "यी नाक बेच्नेहरूले युरोपियन नाक हालेर गए होलान्, होइन ?" ठिटीले खिसीको भावमा मुख बङ्ग्याउँदै भनी– "ती तपाईंजस्ता फेर्न चाहने कहाँ थिए र; भरिया न हुन्, एक मानो रगत बेचेर एक पाथी मट्टीतेल किन्छन् । आफ्ना साबुत अङ्ग बेचेर यहाँ तपाईंजस्तो भलादमी वा पर्यटकले फेरेर जगेडा रहेका चेप्टानेप्टा, लुला, बाङ्गा अङ्ग सस्तोमा टाँस्छन्, जान्छन् । अझ कति त बीस-तीस रुपियाँमा प्लास्टिक अङ्ग लगाई जीवन टार्ने नियतले फर्कन्छन् बिचराहरू ।"

"धनले गरिब भए पनि स्वास्थ्यले त उनीहरू धनी नै थिए; औषधिविज्ञानले उनीहरूको त्यही धन पनि खोसी विकृत र विकलाङ्ग त पारेन ?" नेपुलकले लामो सास फेरेर गम्भीर वैकल्य प्रकट गऱ्यो । रिसेप्सनिस्ट सुकुमारी मुसुक्क हाँसी– "तपाईं मान्छे साह्रै भावुक हुनुहुँदो रहेछ; शो-केस हेर्दैमा यति विकल

हुनुहुन्छ भने मेरो जस्तै यहीं काम गर्नुपर्‍यो भने त तीन दिनमा तपाईंको टाउकै फेर्नुपर्ने हुन्छ कि क्या हो ! तपाईंलाई थाहा छ, यहाँ राखिएका प्रत्येक अङ्गको एकोटा करुण कथा छ । उः ती कान एउटा साह्रै सुन्दर नेपाली केटाका हुन् । मलेरियाले मर्न आँटेको बाबुलाई औषधि गराउन नसकी हिजो मात्र उसले आफ्नो दुवै कान बेचेर प्लास्टिकका कान टँसाई गयो ।"

नेपुलक ट्वाल्ल परेर ठिटीको कुरा सुनिरहेथ्यो, उसले फेरि थपी– "बुझ्नुभो, एक थरी त्यस्ता छन्, अर्को थरीको कथा सुन्नुहुन्छ भने हिँड्नुहोस् पल्लो कोठामा, त्यहाँ आजै लिएका नाक र कानहरू छन् । एक जना दरिद्र बूढालाई अस्ति हैजा लागेछ, बेलामा औषधि नपरेकाले उनी बाँच्न नसक्ने भए । उनका छोराहरू हिरिक्हिरिक् हुन लागेको बाबुलाई झ्याइँकुटी पार्दै दगुराएर यहाँ ल्याएर भने– "नमर्दै यिनका साबुतजति अङ्ग किनिदिनुहोस् ता कि यिनलाई पोल्ने दाउरा किनेर बाँकीबक्यौता बाँडचुँड गरी अलिक दिन हामी पनि पेट पाल्न सकौं... ..." म त त्यो बिचराको चिरफार हेर्न नसकी एक बोतल हाइल्यान्ड ह्विस्की लिएर ढोका थुनी बसैं ।"



नेपुलकले भन्यो– "कस्तो आजको विवशता !"

सुकुमारीले भनी– "यो हो आजको वास्तविकता !"

तर नेपुलककी स्वास्नीले आफ्नो पोइले सुनाएका यी घटना र टिप्पणीहरू राम्ररी बुझिन । उसको मन छोराले गरेको उपद्रोतिर गइरहेको थियो । 'अहिले ऊ इन्तु न चिन्तु भई लडेको छ, के गर्नु त अब अर्को पाउँला !' तर ऊ छोरो

पाउँदाको कष्ट सम्भिन्छ; आइ जन्ड हुन्छ; नाइ ऊ रेडिमेड बच्चा किनेर ल्याउँछे । अं. त्यसो भए उसलाई पाठघरको के जरुरत ? यो बेचिदिए पनि हुन्छ, बल्ल समस्याको समाधान निस्क्यो. खिसिक्क हाँस्दै उसले पतिलाई सोधी– "अब मेरो पाठघरको के काम छ र हाँग ? यही बेचेर स्तन लिन पाए कसो होला ?"

नेपुलकको दिमाग चक्कराउँदै अङ्गपरिवर्तन केन्द्रको अर्को कक्षमा पुग्दछ । एउटी सोझी खालकी महिलासँग रिसेप्सनिस्ट ठिटी सोधिरहेकी हुन्छे– "के तपाईंका बच्चा छैनन् ?"

"छन्, तर दुइटै रेडिमेड किनेका; आफ्नै पाठघरमा बनेको बच्चाको स्वाद खाने मेरो जिन्दगीमा एउटै धोको छ । त्यसैले एक तोला विशुद्ध हिमाली वीर्य आफूमा भित्र्याऊँ भनेर आएकी !"

"कस्ती हरिलट्ठक आइमाई..." –नेपुलकलाई हाँसो उठ्यो, "कुनै लोग्नेमान्छेसित पोइल गए न भइहाल्यो नि ।" उसले प्याक्क भन्यो । सोझी महिलाले सोझै तालमा उत्तर दिई– "लोग्ने त भइहाल्नुहुन्छ नि, मालिकले मेरो पतिसित आफ्नो सम्पत्ति साटिदिए । कुरा बुझिहाल्नुभयो होला, आज हाम्रो घर छ, मोटर छ, जग्गा छ, जागिर छ, तर... ।"

"म केही सहयोग गर्न सक्छु कि ?" नेपुलकले अनकनाईअनकनाई भन्यो । महिलाले आफ्नो सतीत्वबारे निकै लामो व्याख्या गरी र भनी– "म खालि वीर्य चाहन्छु, सतीत्व बेच्न चाहन्नँ ।"

नेपुलकतिर फर्केर मुस्कुराउँदै सुकुमारीले भनी– "उन्नाइसौं शताब्दीको अवशेष पनि यो देशमा अझै बाँकी छ ।" नेपुलकले महिलालाई आश्वासन दिँदै भन्यो– "तपाईंको सतीत्व मैले किन्न खोजेको होइन, एक तोला वीर्य तपाईंलाई निःशुल्क दान दिन खोजेको मात्र हो ।" केहीबेर अन्यमनस्क भई महिलाले सुकुमारीतिर हेरिन्, ऊ मुस्कुराउँदै अर्को कक्षतिर लागी ।

केहीबेरपछि नेपुलक र महिलाको मुखमुद्रा पालैपालोसित हेर्दै ठिटीले व्यङ्ग्य गरी– "कन्ट्र्याक्टरको कमिसन कसले दिने नि ?" महिलाले मुख रातो पार्दै केटीलाई प्याट्ट हिर्काई । यसो गर्दा सुकुमारी त पिलिकपिलिक गर्दै रुन पो थाली । नेपुलक फेरि जिल्ल पर्‍यो । आखिर त्यति साह्रो दुख्ने गरी पिटेकी त कहाँ हो र उसले ? तर यो चनमनी किन रुन्छे ? उसको दिमाग रन्थनियो । झनभन् रुँदै आफ्नो छातीमा लिप्सन आएकी महिला आत्तिई र शिष्टाचार पनि देखाउन नभ्याई निस्किहाली । रुनमुनाएकी सुकुमारीलाई समाएर थुमथुम्याउँदै नेपुलकले सोध्यो– "तिमीजस्ती मान्छेलाई पनि यस्तोविधि

रुन मन लाग्छ ?" सुँक्कसुँक्क गर्दै केटीले आफ्नो मन फोई– "टेस्टट्युबमा जन्माइएकी भन्दैमा म आर्टिफिसल मान्छे हुँ र ? तपाईंजस्तै कुनै नारीमान्छे र उनीजस्तै कुनै स्वास्नीमान्छेको रगत मिसाएर जन्माइएकी त हुँ नि ? फरक यति हो– तपाईंहरू आफ्ना नातागोता चिन्नुहुन्छ, स्नेहममता पाउनुहुन्छ; मलाई आफ्नै विगत-आगतको पत्तो छैन ।"

उसको सुकुमार अनुहार मुसार्दै नेपुलकले सोध्यो– "त निर्मलाई आफ्नोबारे केही थाहा छैन त ?"

"म अमेरिकाको कुनै लेबोरेटरीमा जन्माइएकी थिएँ, पन्थ्रापोलोजीको आधारमा बुझ्दाबुझ्दा म नेपाली रगतकै प्रडक्सन हुँ भन्ने लागेकाले यहाँ आएर नोकरी गर्दै छु। मेरो हुलिया यत्ति हो ।" मायालु स्वरमा यति भनेर सुकुमारीले आफ्नो मुन्टो नेपुलकको छातीमा टाँसी, नेपुलक रोमाञ्चित भयो, उत्तेजित भयो । उसका औंलाहरू सुकुमारीका अङ्गप्रत्यङ्गमा चलमलाएर छिटै उसलाई निर्वाङ्ग पारी उधार्न कसिए । तर आफूले बोल्न नपाउँदै सुकुमारीले एउटा फिलिङ्गो छोडी– "तपाईं नै मेरो बा भइदिनुभएको भए कस्तो हुन्थ्यो होला ?"

नेपुलक जिल्ल पर्‍यो । उसभित्रको पितृत्व तरं आँखाबाट झरेर नेपाली नाक राखेको सो-केसमा तप्पतप्प थोप्लिइरहेको उसले निकैबेरपछि चाल पायो । यो पनि थाहा पायो– त्यसै बेला एक जना साहेब ९० वर्षको उमेरमा आफ्नो अङ्गप्रत्यङ्गको तेस्रो पटक ओभरहल गराई सुकुमारीसित विवाहको प्रस्ताव राख्न आएका थिए ।

"नाक फेर्ने भए छिटो छान्नुहोस्, काउन्टरमा ग्राहक र विक्रेताहरूको भीड लागिसक्यो" –निकैबेरपछि सुकुमारीले नेपुलकलाई भनी । नेपुलकले गम्भीर मुद्रामा भन्यो– "भैगो नानी, मलाई नेप्टै नाक भए हुन्छ, उमेर पनि त ५० पुग्न लाग्यो ।"

"ए, त्यसो भए तपाईंलाई न्यु स्टेटकी मैयाले छाँट पारेर पर्गाल्सिकिछिन्, लौ, उसैलाई ल्याएर बस्नोस्; आजदेखि हाम्रो विवाह विच्छेद !" –नेपुलककी स्वास्नीले एक सासमा रन्कँदै भनी र फन्कँदै कोठाबाट निस्कि पनि हाली ।

एकछिन जिल्ल परेर नेपुलकले सोध्यो– "मानु कहाँ छ त ?" फर्कँदै नफर्की स्वास्नीचाहिँले जवाफ दिइ– "कुन्नि, त्यता खाटमुनि मरिरहेको होला ।" नेपुलकले छोराको लास छामछुम पार्‍यो– त्यसमा टाउकै थिएन ।

सगुनबाट

# ए ज्या भुसुक्के !!!

पढेका र परेका, गुनेका र सुनेका, सुझेका र बुझेका इत्यादि जम्मै गरी हाम्रो दिमागमा कति मुरी कुरा कोचिएका छन्, त्यसको नापजोख गर्न साध्यै छैन । मानौँ, मान्छेको मगज एउटा ब्रह्माण्ड-ब्याङ्क हो, जहाँ सहस्रौं स्वरूपका कच्ची-पक्की करेन्सीहरू कित्ताका कित्ता गरी थन्क्याइएका छन् । आशामरुलाई चिट्ठा परेको, सर्वहाराले जुवा जितेको, चुक्लीकान्तले बकस पाएको वा घाटेबाजेले दान पाएको रकमझैँ एकै पटक र एकै कलम गरी थुपारिएको होइन, बरु खस्याडखुसुडको खुद्रा पसलेले दुई पैमाको हिडदेखि जरायोको सिङसम्म बेचेर चुबुरचुबुर गरी लिएका चानचुन पैसा खाइनखाई खुत्रुक्के कन्तुरमा खुत्रुकखुत्रुक खसालेझैँ प्रतिमिनेट, घण्टा, दिन, महिना र वर्ष केही न केही कमाउँदै र थन्क्याउँदै यो पुँजी जम्मा भएको छ । चाहिएको बेला झिकौँला, परेको बेला खर्चौँला र आवश्यक परे अरूलाई आफ्नो कमाइबाट गुन लगाउँला भन्ने उद्देश्यले नै मान्छे केही कमाउँछ, केही बचाउँछ– ब्याङ्कमा राख्छ । यसकारण दिमागको ब्याङ्कमा बचत खाताको भन्दा चल्ती खाताको महत्त्व बेसी छ ।

तर भएर के गर्नु ? चाहिएको बेला चेक काट्न खोज्यो भने के कता के कता बेपत्ता ! पढेगुनेका कुरा नआउनु त त्यति आश्चर्यको कुरा होइन, किनभने अचेल पढ्नुगुन्नुको अर्थ ज्ञानगरिमा बढाउनु र त्यसलाई व्यवहृत गर्नुसम्मको झन्झट-झमेलामा जेलिएको छैन । येनकेन प्रकारेण परीक्षामा उत्तीर्ण हुनु, आफ्नो नामका अगाडिपछाडि डिग्री र उपाधिका तन्द्रयाङतुन्द्रुङ झुन्डयाउनु र जागिरका लागि कुर्नु, ढुक्नु, धाउनु अनि केही नलागे चुक्ली, चाकरी र चाप्लुसी गर्न थाल्नु नै आज शिक्षादीक्षाको उद्देश्य केन्द्रित छ । त्यसैले कहिलेकाहीँ अन्तर्वार्तामा सोधिदेलान् भनेर मात्रै हो, नत्र पढेका कुरा बिर्सेकोमा विस्मात मान्नुपर्ने केही छँदै छैन । तर कतिपय भुक्तभोगी भइसकेका

कुरामा पनि सम्झनाको रिसिभर उठाउँदा कम्पाराबाट डायलटोन नै आउँदैन र पो साह्रै अचम्म लाग्छ ।

हुन त हो नि, आइन्स्टाइन र न्युटन पनि निकै बिर्सुवा थिए । अझ टोमस एल्वा एडिसनले त एक पटक कुनै आविष्कार दर्ता गर्न जाँदा आफ्नो नामै भुसुक्क बिर्सेर बताउन नसकेका रे ! कवि किट्सलाई सम्झनोस्, उनलाई अरू त के भर्खरै खाएको वा लुगा लाए-नलाएको पनि होस हुँदैनथ्यो । यस्तै 'तपाईंको पैसा तिर्नु थ्यो' कि ?' भनी तलब पाएको दिन भेटिएजति सबैलाई सोध्दै जाने महाकवि देवकोटा हाम्रो नजिकै थिए ! तर उनीहरू सबै कुरा बिर्से पनि सुझेका र बुझेका कुरा बिर्सँदैनथे । आफ्नो साध्यक्षेत्रमा उनीहरूको ध्यान कस्तरी एकोहोरिएको थियो भने त्यससित असम्बन्धित अरू सम्पूर्ण कुरा नबिर्सी उनीहरूलाई सुखै थिएन । के सबैको बिर्साइ त्यस्तै हो त ? भुत्रो नि होइन ।

हामीमध्ये कति मै हुँ भन्ने विद्वान् वा लेखकलाई आफ्नै विषयमा एउटा सामान्य लेख लेख्न दसोटा पुस्तक वरिपरि राखी घण्टौँघण्टा लेख्तै-केर्दै, केर्दै-लेख्तै गर्नुपर्छ भने हामीलाई यो पत्याउन मुस्किल पर्छ– लर्ड मेकालेले बेलाइतको आठ भागमा विभाजित इतिहास कुनै पनि पुस्तकको सहाराबिना लेखेका थिए । हामीमध्ये कति मै हुँ भन्ने व्याख्याताहरूलाई आफ्नै विषय वा विभागमा एक साधारण व्याख्यान दिन निकै अघिदेखि घोत्लिएर, घोट्टिएर पनि भन्ने बेलामा कन्नै पर्छ भने यो पत्याउन पनि मुस्किलै पर्दो हो– स्वामी विवेकानन्द कैयौँकैयौँ घण्टा धाराप्रवाह व्याख्यान दिएर विश्वका दर्शन-दिग्गजहरूको मगज तिलमिलाइदिन्थे । हामीले नपत्याउँदैमा साँचो कुरो झूटो हुन्छ र ?

ज्ञानगुनको कुरामा त हेक्काको हबिगत त्यस्तै भो नाइँ, तर चानचुन कुरामा पनि आफूसमेत कतिको होसल्याङ्ग गनि देख्ता पो झन् रमाइलो लाग्छ ।

"बिहान उहाँ जाने भनेको गइस् त ?"

"ए मैले त बिर्सेछु ।"

"तपाईंले हिजो आउँछु भन्नु भा' होइन ?"

"जा, मैले त भुसुक्कै !"

"खोइ त पुस्तक ?"

"ए ज्या भुसुक्कै !"

यस्तैयस्तै गरी दिनको सैयौं पटक अचेल हामीमध्ये धेरैको मुखबाट निस्कने गर्छ– 'ज्या भुसुक्कै !!!'

आफ्नै अत्यावश्यक र नियमित कामकुरा त बिर्सिइन्छ भने अरूको कुरा नसम्फेकोमा के अचम्म ! त्यसैले हिजो मात्रै कसैको कुनै काम गरिदिन्छु भनी आश्वासन दिएका छौं भने आज सजिलैसित हामी भनिदिन्छौं– "ज्या, मैले त भुसुक्कै बिर्सेछु ।" पैंचो तिर्ने वा दिने, माल लगिदिने, केही गरिदिनुपर्ने, कतै गइदिनुपर्ने अथवा केही भनिदिनुपर्ने जस्ता कुरामा दिइएका भाका त झन् दिनको पाँच पटक सम्झाए पनि ज्या भुसुक्कै ! 'ल', 'हुन्छ', 'हस्' र 'जो आज्ञा' आदि प्रिय शब्द निकालेर वचन दिनु कत्ति पनि गाह्रो छैन, जति गाह्रो छ– तिनलाई सम्झनुमा छ । त्यसैले यहाँ भाषणको सिलसिलामा दिइने बकितम् आश्वासनको त कुरै छाडिदिनुहोस्, सालङ्कार शुभनामको सहीदान गरिदिएका कैयौं लिखितम् तोकहरू पनि यहाँ विस्मृतिको बास्केटमा फालिएका गुनासो बराबर सुन्नुपर्छ । त्यसैले मान्छेको दर्जासितै पदोन्नति हुँदै जाने केही बानीहरूमध्ये बिर्सने बानी पनि एक हो भनेमा तपाईं पक्कै पत्याउनुहोला । नपत्याए, कुनै धनीमानी वा अधिकारी-अधिकारिणीसित एउटा मामुली कामको अनुरोध बोकेर जानोस्, खाने-पाउने कुराको अनुरोध रहेछ भने म भन्न सक्तिनँ, नत्र तपाईं पक्कै भोलिपर्सिको आश्वासन पाउनुहुन्छ । पर्सिपल्ट जानोस् उनी विनम्रतापूर्वक सोध्दछन्– यहाँ कति कामले पाल्नुभयो कुन्नि ? फेरि बिलौना गर्नोस्– आश्वासन दोहोरिन्छ । अब त गरिदिए होलान् भनी अलि दिनपछि जानोस्– तपाईंका सम्पूर्ण आशाभरोसालाई चूर्ण पार्दै उनी सजिलैसित मुस्कुराइदिन्छन्– 'ए ज्या भुसुक्कै !' अब बिर्सेपछि के लाग्यो ? बिर्सनुको विरोधमा नालिस दिने कुनै दफा ऐनमा छैन । धर्मशास्त्रले पनि पाप गर्न हुन्न भनेको छ, बिर्सनै हुन्न त भनेको छैन । त्यसैले त कैयौं महाशयहरू नबिर्से पनि बिर्सेको अभिनय गर्दछन् । चाकरी, नसनाता, भनसुन, करकर र डरधम्कीले काम लिने विगत जहानियाँ तन्त्रले बसालेको संस्कार ननिखुन्जेल हुन्न भन्न नसक्नेले बिर्सने बानी पनि बसाल्नुपर्दो रहेछ । तर कुरा यो बेग्लै हो, प्रसङ्गको कुराचाहिँ के भने बिर्सने बानी एक प्रकारको फेसन पनि हो । धेरै ठूलाबडामा बिर्सने बानी पाइएपछि चानचुने बडाहरूलाई पनि आफ्नो बढत्व बढाउन यही बानी बसाल्ने रहर लाग्छ र भन्न थाल्छन्– ठूल्ठूला भारी बोकेकाहरूलाई ससानो कुराको हेक्का कहाँ रहिरहन्छ र ? तर यो अर्जी अब्राहम लिङ्कनले किन निकालेनन् ? सम्झने शक्तिमा नामुद जुलियस सिजर र रुजवेल्टको कार्यभार

आजका कुनै पनि जीउको भन्दा हजार खण्ड बेसी थिएन त ! अझ नेपोलियन के भन्थे भने मेरो दिमाग खण्डैखण्ड भएको एउटा कन्तुरजस्तो छ, जुन बेला जे चाहिए पनि म यसबाट सजिलैसित झिक्न सक्छु । न भन्नोस्, कार्यभार बढ्दैमा बिर्सने बानी पनि बढ्नै पर्छ भन्ने कुनै अनिवार्यता रहेछ त !

अर्कोतिर, कलाकार वा काव्यकार भएपछि मान्छे अलिकति बेहोसी हुन्छ भन्छन् । तर आदिकवि व्यास र होमरसित चाहिएको बेला प्याट्ट पल्टाएर स्याट्ट सारिदिने न कुनै किताप थियो न सुझेको कुरा सम्झनाको लागि टिपिराख्ने एउटा नक्कले नोटबुक नै । जे थियो उनीसित आफ्नै होस थियो । त्यस्तै सुप्रसिद्ध अस्ट्रेलियन सङ्गीतकार मोजार्ट थिए । उनी गिर्जाघरमा गाइएको सङ्गीतको नोटेसन आफ्नो दिमागमा कस्तरी टिपिदिन्थे भने घर पुगेर कापीमा एक नबिराई सारेर गाउन सक्थे रे ! रे का कुरा किन चाहियो, बालकृष्ण सम र बाबुराम आचार्यको स्मरणशक्ति सम्झँदा साधकहरूले बिर्सुवा हुनै पर्छ भन्ने अर्जी 'नाच्न नजान्नेले आँगन टेढो' भनेजस्तै लाग्छ ।

वास्तवमा हामीमध्ये कतिको दिमाग अचेल ब्रह्माण्ड-ब्याङ्क होइन, कच्चा घरको निदालजस्तै छ । अलिकति मकाएको, अलिकति कीराले खाएको र समस्त ध्वाँसोले रङ्गिएको त्यस निदालका प्वालप्वालमा गृहिणीहरू जे पायो उही घुसारिदिन्छन् । दुई-चारोटा खुद्रा पैसा, फुटेको ऐना, सलाईको बट्टा, काँचो धागो, केटाकेटीको खेलौना, साबुनको टुक्रा, दाँत माझ्ने बुरुस इत्यादि गन्ठचाङमन्ठचाङ केके हुन् केके ! अनि चाहिएको बेला केही खोज्यो भने कताकता ! हातभरि आउँछ ध्वाँसो र धूलो मात्र । आजका बुद्धिजीवीको दिमागको पनि हालत यस्तै त होइन ? एकातिर माल्थसको जनसङ्ख्या-सिद्धान्तलाई अधकल्च्याएर घुसारिएको छ भने अर्कोतिर मौका परे अर्की षोडशीको लगनगाँठो समात्ने धोको पनि सिउरिएको छ । एउटा कुनामा मार्क्स, लेनिन, गान्धी, रसेलका विचारको पोका छन् भने अर्को कुनामा भूमिसुधारको फलस्वरूप जग्गा घटेको पीरले पनि कतिलाई पिरेकै होला ।

... ...उसले त उसलाई मामन्ती भनेछ, अब भियतनामको स्थिति कस्तो होला, फलानाफलाना पञ्चायतको सीमामा झगडा पऱ्यो, कच्छबाट कसले के भन्यो ? मुगीको खोस्टे दाल माना एकको १।२५, चिनी बन्द, चीन र रूसको मतभेद कहाँ टुङ्गिएला, फलानाले फलानाको कविता चोऱ्यो, मन्त्रीले मानेन, गुइँठा वितरण समितिको सूचना, सातौँ हप्तामा ब्रह्मचारी, फलानी त सिद्धिइछ, बी.एस्सी. को रिजल्ट कहिले निस्कला है ?, त्रिभुवन राजपथमा

मान जना खतम, शुभविवाहको निमन्त्रणा... ...इत्यादिइत्यादि समाचार, प्रतिक्रिया, टिप्पणी, व्यवहार, आचारविचार, भ्रष्टाचार, क्याम् र सात्रे, किसान सङ्गठनको सभापति, युवामहोत्सव, बहुउद्देश्यीय विद्यालय, अस्तित्ववाद, विविध भारतीको पञ्चरङ्गी कार्यक्रम– हावामहल... ।

यस्तै जिली न गाँठीका अनेक वेप्रसङ्गी प्रसङ्गहरू जब तरङ्गिरहन्छन्, दिमाग रन्थनिएर दुख्न थाल्छ, होस पातलिँदैपातलिँदै हावासँग मिल्न खोज्छ, अनि वन्द भएको घडीलाई औँल्याएर दम दिनुभएन ? भनी कसैले सोध्यो भने ङिम्म हाँस्तै जवाफ दिनुपर्छ– 'ए ज्या भुसुक्कै !!!' अब भन्नुहोस्, ए ज्या भुसुक्कै पनि यही युगको देन होइन त ? तर मैले आग्रा' कुरा गर्दागर्दै गाग्राको गफ पो छाँटें क्यार ? बिर्सने वानीका बयान गर्न लागेको विच्छृङ्खलताको बहस गर्न पुगियो, लेखै विच्छृङ्खल भयो । तर टाउकामा खिचडीको खँड्कौलो छड्कने यस युगमा साहित्यमा शृङ्खला खोजेर के साध्य हगि ?

हुन त बिर्सनु झन् चाहिने कुरा हो, कति आज खुइलिएकाहरू हिजोको जगजगी बिर्सन नसकेर रुन्छन्, कति खली खाएकाहरू आफ्ना चोटचपेटा बिर्सन नसकेर बहुलाउँछन् र कति लैला र मजनूहरू एकअर्कालाई बिर्सन नसकेर सिलटिम्मुर खाइदिन्छन् । हाकिमले हप्काएको, खुकुरी रमको जोसमा खुकुरी चलाउँदा मामाघरको निम्ता पाएको, ज्वानुको ठेक्कामा गानु गएको, क्यासिनोमा क्यास होम्दाहोम्दा हरि ॐ जप्तै माला घुमाउनुपरेको, भ्याङमनि मन थाम्न नसक्ता साहूको काखमा राहु रोएको आदिआदि कुराहरू बिर्सन नसकेर बहुलाएकाहरूको उपचारको उपाय एउटै बाँकी रहन्छ– बिर्सनु र बिर्साउनु । तर बिर्सनुपर्ने कुरा बिर्सन सकेको भए सम्झनुपर्ने कुरा किन बिर्सन्थ्यो र ? त्यसैले मैले पनि केके न लेखुँला भनेर यो निबन्ध सुरु गरेको लेख्तालेख्तै यहाँ नलेखिएजति जम्मै कुरा बिर्सिएछ । तपाईंको पनि टाउको खचाखचै होला, यो छुसी गफ फेरि कहाँनेर कोच्नुहुन्छ, पढिसक्नासाथ बिर्सिदिए हुन्छ ।

**रचनाबाट**

# साँढे



हिन्दूहरूले साँढेलाई महादेवको निजी वाहनको पदमा नियुक्त गरिदिएका छन् । महादेवलाई वाहनको आवश्यकता थियो-थिएन दैव जानोस्, तर आफूलाई जेजे चाहिन्छ देवीदेवताहरूलाई पनि त्यही चाहिन्छ भन्ने मान्छेको धारणा रहँदै आएको छ । आफू घोडा, हात्तीमा चढ्ने हुँदा हाम्रा पुर्खाले आफ्ना देवीदेवताहरूको लागि पनि चढेर हिँड्ने एकोटा जनावरको प्रबन्ध गरिदिएका छन् । जस्तै– विष्णुलाई गरुड, देवीलाई बाघ, यमराजलाई राँगो र गणेशलाई मुसो । आजको जमाना हुँदो हो त विष्णुलाई गरुडको सट्टा हेलिकोप्टर दिइँदो हो । त्यस्तै अरूलाई पनि दर्जा हेरी कार, स्कुटर, रिक्सा, साइकल वितरण गर्दै गणेशजीलाई चाहिं गाडाकै प्रबन्ध गरिन्थ्यो कि ! भन्नाको मतलब आजका हिन्दूले महादेवको बन्दोबस्त गर्नुपरेको भए या महादेव अहिलेसम्म रहेका

भए त्यही साँढे चढी के हिँड्दा हुन् । यताउति हिँड्न कमसेकम एउटा मर्सिडिज कार र हिमालयमा ससुराली जान एउटा विशेष किसिमको हेलिकोप्टर त उनलाई चाहिन्थ्यो, चाहिन्थ्यो । तर जान दिऊँ उस बेला जे भयो, भयो । महादेवको विशेष वाहनमा श्रीमान् साँढे नै नियुक्त भयो ।

त्यति उच्च ओहदामा नियुक्ति पाउने योग्यता साँढेसित के थियो र भन्ने प्रश्न उठाउने आवश्यकता नै छैन । कारण योग्यताभन्दा माथिका दुइटा महायोग्यता ऊसित थिए । पहिलो त साँढे भनेको गाईको साक्खै लोग्ने हो, उसकी श्रीमतीसित आमाजस्तै एउटा धार्मिक साइनो हाम्रो लागेको छ । यही साइनोले उपल्लो नातेदार भएको साँढेलाई तल्लो ओहदामा राख्ता उसको प्रतिष्ठा घट्ने कुरा त छँदै छ, दुनियाँमा नसनाताको महत्त्वै नासिँदै जान बेर छैन । साँढेको अर्को महायोग्यता हो उसको फुँकार । आध्यात्मिक जगत्मा ओंकारको जति महत्त्व छ व्यावहारिक जगत्मा फुँकारको उत्तिकै महत्त्व छ भन्ने कुराको ज्वलन्त प्रतीक साँढेले पाएको सम्मान हो । ऊ रुष्ट भयो भने पर्खाल भत्काउन, बाली बेमाख पार्न र फाँक्क र फुँक्क गरी मान्छे हान्न सक्छ, त्यसैले उसलाई एउटा माथिल्लो पदमा सुशोभित गरिदिन पाए जुरो नचाउँदै जिभ्रो मिठ्याइरहन्छ, सायद यही सोचेर उसलाई त्यत्रो ओहदा प्रदान गरिएको हो कि ? जे होस्–

महादेवको विशेष वाहनमा नियुक्त भएकोले साँढेको चुरीफुरी निश्चय नै कुनै मन्त्रीको पी.ए. को भन्दा कम छैन । मन्त्रीज्यूको आदेश खोज्नेले पी.ए. लाई रिझाउनुपर्छ भन्ने पद्धतिको श्रीगणेश नै हिन्दूहरूले साँढेबाट गरेका छन् । त्यसैले पशुपतिनाथको दर्शन गर्नुभन्दा पहिले उनको अगाडि लँगौटीसमेत नलगाएर गजधम्म बसेको लबस्तरो साँढेलाई साष्टाङ्ग प्रमाण गर्नुपर्छ । बाली फाँडोस् कि मान्छेलाई हानोस् उसलाई लट्ठी देखाउनु महापाप ठानिन्छ । जिमीदारले जतिसुकै अत्याचार र व्यभिचार गरे परि नेपाली किसानले ठूलाबडासित जोरी खोज्न हुन्न भनी सहनुपरेझैं हिन्दूहरूले साँढेको अत्याचार सहँदै आएका छन् । साँढेको सिङमा हाम्रो इहलोकको भाग्य निर्भर गर्छ भने साँढेको पुच्छर परलोकको निम्ति वैतरणीको झोलुङ्गे पुल हुन्छ रे ! वृषोत्सर्ग हिन्दूको तर्ने उत्सव, गाईपुत्रको जीवनोत्सव । यस दिन त्रिशूलचक्रको ब्याज भिर्ने सौभाग्य पायो भने गाईपुत्रले आजीवन छाडा हुने अधिकार पाउँछ– साँढा भएर खाने बिर्ता पाउँछ । उब्जाउने र कमाउने झन्झट साँढेलाई पर्दैन । तर अपसोच के भने साँढे हुने सौभाग्य दुई-चार भाग्यमानीले मात्र पाउँछन्, बहुसङ्ख्यक गाईपुत्रहरूको निम्ति त

चालकैमा भेसेकटोमी गरेर मखमा पेरुङ्गो लगाई काँधमा जुवा बोक्नुसिवाय अर्को बाटो रहँदैन । त्यसैले साँढे सामन्त हुन्छ, गोरु सर्वहारा । साँढे गोराझैँ रजाइँ गर्छ, गोरु निग्रोझैँ कजिन्छ, साँढे शक्तिपूर्ण स्वतन्त्र र स्वच्छन्द नेता वर्गमा पुग्छ, गोरु लरेलाम्म जनता ।

साँढेको आफ्नो खुर्वा फटकार मात्र हो हुन त, जेजति अहङ्कार उसमा चढ्छ त्यो त्रिशूलकै प्रतापको फल हो । यसो भनेर साँढेको सम्पूर्ण प्रसिद्धि महादेवको वाहन हुनाले मात्र भएको भन्नुचाहि गाइको बेइज्जती गर्नु हो । उच्च ओहदामा पुग्ने श्रीमतीका श्रीमान्ले 'चिन्नुभएन ? म फलानीकी श्रीमान् हुँ' भनी फुलेर परिचय दिएझैँ साँढे पनि जुरो नचाउँदै गर्व गर्छ– 'म गौमाताको पतिदेव हुँ ।' मास्टरकी श्रीमतीलाई वर्णमाला नखारीकनै मास्टर्नी मान दिएझैँ दिने हो भने साँढे पदेन हाम्रो गौपिता हो । पतिको अस्तित्वबिना पत्नीको अस्तित्व आधा हुने हाम्रो संस्कारअनुरूप गाईलाई मान्दा साँढेलाई नमान्नु आधा गाईको पूजा गर्नुजस्तै हो । तर यस तथ्यलाई कत्ति ध्यान नदिई हामी गाईतिहार मान्छौँ, साँढेतिहार मान्दैनौँ, गाईजात्रा गर्छौँ, साँढेजात्रा गर्दैनौँ । यो हेर्दा आफैँले सम्मान गरेको साँढेको आफैँले अपमान गर्न खोजेजस्तो लाग्छ । गाईतिहार, गोरुतिहार मानी साँढेतिहार नमान्नु जनाना र नामर्दको अगाडि पुरुषको उपेक्षा गर्नु होइन र ?

तर होइन, छोरीले राजीनामा दिएको भोलिपल्ट 'ज्वाइँ न स्वाइँ अगुल्टाले च्वाइँ' भनेझैँ गाईमैयाँले छाडिदिनासाथ राँको बालेर साँढे लखेट्ने चलन पनि यहाँ देखिएको छ । हाम्रो संस्कारमा जेसुकै होस्, व्यवहारमा गाईको निम्ति 'उक्तदान' बाहेक साँढेको अरू योगदान के हुन्छ र ? जिभ्रोमा लोभ, जुरोमा अहङ्कार, सिङमा रिस र मनमा ईख लिएको साँढे वास्तवमा फाँटफाँडा र समाजभाँडा तत्त्व हो, जो एकअर्कोसँग मिलेर बाँच्न सक्तैन । एकले अर्कोलाई देख्नासाथ भुइँ खोस्रँदै होक्का गर्छ र जुध्न थालिहाल्छ । कोही नपाए भित्तैमा पनि सिङौरी खेलेर तुजुक शान्त गर्ने साँढेको प्रवृत्तिले मान्छेमा पनि साँढा हुने रहर जगाइदिन्छ । त्यसैले हामी कान्जी हाउस बनाएर थुन्न खोज्छौँ, साँढेहरू पर्खालमा सिङौरी खेलेर भत्काउन र भाग्न खोज्छन् । हामी शान्तिशान्ति भनेर चिच्च्याउँछौँ, साँढेहरू होक्का-होक्का गर्दै जुधिरहेछन्, सम्भव छ एक दिन दुई-चारओटा हान्ने साँढेको जुधाइमा संसारका सम्पूर्ण शान्तिप्रिय बाच्छाहरू किचिन के बेर ? मिचिन के बेर ?

**अर्पण**बाट परिवर्तित

# सातसूत्रीय साहित्यदर्पण




**प्रस्तावना**

छायावादी या मायावादी, प्रयोगवादी या उपयोगवादी, पुरातन या नूतनवादी आदिआदि जेजति वादीको नाम लिए पनि सारांश एउटै निस्कन्छ– साहित्य सधैं वादविवादी रहँदै आएको छ। एक थरी वा एकताकाको व्याख्या र वर्गीकरण अर्को थरी वा अर्कोताकाका समीक्षाशास्त्रीहरूलाई मन पर्दैन। मान्छेपछिको सिर्जना मान्छेपछिको पारख। त्यसैले तपाइं-हामीजस्ता पाठकलाई ठूल्ठूला ठेलामै ठेलिएका सूत्रहरूमा सही हालेर रटन्ताम् गर्नुपर्ने के खाँचो ; जब साँच्चो समीक्षा दुर्लभ हुन थालिसकेको छ। यसकारण कसैलाई कल परोस् या नपरोस्, मैले देखेको कुरा लेखेको छु, साहित्य तपसिलबमोजिम सात प्रकारका हुन्छन्–

१. क्रीत साहित्य
२. विकृत साहित्य
३. अधिकृत साहित्य
४. स्वीकृत साहित्य
५. अनुकृत साहित्य
६. निजीकृत साहित्य
७. परिष्कृत साहित्य

अब संक्षेपमा प्रत्येक प्रकारको भाष्य पनि दिँदै जाँदा तपाईंहरूलाई पट्टाइ त लागोइन ? (लागिहालेमा शीर्षक पढेर छाडिदिनुभए पनि हुन्छ। आफ्नो रचनाबाहेक अरू कसकसले केके गथासो गरेका छन् पढेर समय फ्याँक्न बेकार। धेरैजसो रचना पत्रिकाका पत्रै भर्ने त हुन् नि, सत्य, यो पनि मैले टाकटुक पारेको मात्र हो। आफू घागडान लेखक भएकोले राम्ररी लेख्न फुर्सत कहाँ पाउनु ?) अँ, कुरा के भने मेरो सातसूत्रीय साहित्यदर्पणको भाष्य पनि म आफैं लेख्तै छु। (अचेल आफ्नो रचनाको आलोचना त कति घागडान् साहित्यकारज्यूहरू अरूलाई किन दुःख दिनु भनी आआफैँ लेखेर कल्पित वा विकल्पित नामले छपाउन थालेका छन् भने मेरा सूत्रको मैल्यै व्याख्या नगरे कसले गरिदेला त ?)

**सुबोध भाष्य**

क्रीत साहित्य– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा क्रीत साहित्य भन्नाले किनिएको साहित्य भन्ने बुझ्नुपर्दछ। पैसा भए भेडाच्याङ्ग्रा मात्रै होइन, मान्छेमान्छी नै किन्न पाइने संसारमा साहित्य मात्र किन्न नसकिने कारण के छ र ? साहित्य झन् सस्तो छ– एउटा लम्बुकोट, जिम्बुको कोटा, निबुवा भन्सारको डिट्ठा, जेको लाभ देखाइदिए पनि गरिब साहित्यकार छ भने जे पनि लेखिदिन्छ, लेखेको कापी मात्र होइन, लेख्ने कलम पनि उधारैमा बेचिदिन्छ। त्यसैले साहित्यको इतिहास पल्टाई हेर्नोस् सामन्ती समाजमा मात्र होइन, जस्तोसुकै प्रगतिशील युग वा समाजमा पनि साहित्यको एउटा धारा स्तोत्र, स्तुति, प्रशस्ति र महिमामा रङमडिएको पाइन्छ। खोज्दै र खोतल्दै गएमा गनिगनाउ गरी नकिनिएको भए तापनि अप्रत्यक्ष रूपमा यस्तो साहित्य किनिएकै हुन्छ।

क्रीत साहित्यको 'ख' श्रेणीमा त्यस्ता पुस्तकहरू पर्दछन् जसको रचना एउटाबाट भएको हुन्छ तर लेखकमा नाम दर्ता भएको हुन्छ अर्कै महाशयको।

टाढाको कुरा नगरूँ भने हाम्रै कति जरसाहेब करसाहेबहरूले पनि कीर्ति राख्नाखातिर यसो गरेका थिए रे । 'ख' श्रेणीका क्रीत साहित्य परिष्कृत पनि हुन सक्छ, उपयोगी पनि हुन सक्छ, तर 'क' श्रेणीको क्षणिक स्वार्थपूरक मात्र ।

विकृत साहित्य– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा विकृत साहित्य भन्नाले विकारग्रस्त या बिग्रिएको साहित्य बुझ्नुपर्छ । जति लाजभाँड लेख्न सक्यो, जति अरूलाई सराप्न सक्यो, अहम् गर्जाउन सक्यो, जति चोरचार पार्न सक्यो, त्यति आधुनिकताको श्रेणी बढ्ने विकृत साहित्यको स्रोत पेरिस, न्युयोर्क र यस्तै अत्याधुनिक सहरहरू भए तापनि यसले अचेल नेपाली साहित्यजगत्मा पनि आफ्नो कुहिएको खुट्टो घुमाउन थालिसकेको छ रे !

अधिकृत साहित्य– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा कुनै न कुनै कुराको खास अधिकारप्राप्त मान्छेले लेख्ने साहित्यलाई अधिकृत साहित्य मान्नुपर्छ । प्रतिभा भए होस्, नभए नहोस् कागत-गोस्वाराको सुब्बाले आफ्नी छोरी पोइल गएको उपलक्ष्यमा गरेको गुनासोलाई यो मेरो कविता छापिदिनुस् न भनेर कुनै सम्पादकज्यू कागतको कुपन माग्न जाँदा विनयपूर्वक भन्यो भने नाइँ भनेर सुख ! अहिले अस्वीकार गरिदेओस्, भोलि पत्रिका छाप्ने कागत पाउँदैन । स्वीकार वा अस्वीकार गर्ने अधिकार सम्पादकैसित रहोस् कागतको अधिकार ऊसित हुन्छ, प्रेसम्यानेजरले एउटा छेउ न टुप्पाको कथा दिए पनि कमसेकम मुद्रणशुल्कमा अलिकति घटाइदेला भन्ने आशाले स्वीकृत गरिदिनुपर्ने हाम्रा पत्रिकाको स्थिति कसलाई थाहा नभएको हो र ? यसको मतलब अधिकारप्राप्त व्यक्तिहरू सबै उस्तै हुन्छन् भनेको होइन, कति जना प्रतिभाशाली साँच्चैको साहित्यकार पनि हुनुहोला ।

स्वीकृत साहित्य– घागडान-मण्डलीमा दर्ता भएर पनि झारा तिरेर लेखिने साहित्यलाई स्वीकृत साहित्य भन्नुपर्छ । एकेडेमीसियन वा लेखक सङ्घ वा अरू कुनै यस्तै स्वीकृत संस्थाका स्वीकृत लेखक-कविले लेखेको रचनालाई यसोउसो भनी पन्छाउने कसको के तागत ? तर स्वीकृत कवि भयो भन्दैमा उसले लेखेको तमसुक पनि कविता हुन्छ भन्ने के ग्यारन्टी ? तर मान्नुपर्छ, स्वीकृत मान्छेले लेखेको जुनसुकै कीर्ति जस्तोसुकै खोक्रो भए पनि स्वीकृतै हुन्छ । बोक्रोभित्रको गुदी भेट्टाउन नसक्नु पाठकको बुद्धिको कमी हो, बुझ्नु-भएन के ?

अनुकृत साहित्य– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा अनुकृत साहित्य भन्नाले अर्काको अनुकरण पारिएको साहित्य भन्ने बुझिन्छ । टी.एस.

इलियटले खोक्रो मान्छे लेखे भने तपाईं उही शब्दशैली, उस्तै भाव र विचार राखेर 'छोक्रा मान्छे' लेख्न सक्नुहुन्छ। तर म त भन्छु साहित्यकार पहिले अग्रजहरूको अनुकरण नै गर्छ, त्यसैले क्रीत, विकृत र अधिकृत साहित्यभन्दा अनुकृत साहित्यलाई वेस भन्नै पर्छ तापनि शतप्रतिशत मौलिकचाहिँ तपाईं भन्न सक्नुहोला जस्तो मलाई लाग्दैन।

निजीकृत साहित्य– अरूले लेखेर छपाइसकेको या सुनाइसकेको कृतिलाई सुटुक्क नामसारी गरेर आफ्नो गरिएको साहित्यलाई निजीकृत साहित्य भन्नुपर्छ। हुन त क्रीत साहित्यको 'ख' श्रेणीसित यसको रचनात्मक सीप मिल्छ तर क्रीत साहित्य किनिएकै हुन्छ, कमसेकम लेखकले केही पाएको वा पाउने आश्वासन पाएको वा आशा कमाएको हुन्छ तर निजीकृत साहित्य अर्काले बिहा गरेर लैजान लागेकी दुलहीलाई कृष्णले हरेझैं देखादेखी हरिएको अथवा अर्काको बगलीको नोट सुट्ट तानी आफ्नो बगलीमा घुसारेजस्तो सोझै चोरिएको हुन्छ। निजीकरण कला जानेको छ भने ऊ प्रतिभा र परिश्रमबिना नै महामान्य साहित्यकार हुन्छ, त्यसैले निजीकृत साहित्यको मात्रा पनि अचेल प्रशस्तै बढ्न लागेकोले असम्भव छैन यही खेस्रो पनि रहँदाबस्दा अर्कैको नाममा नामसारी नभइजाओस्!

अन्त्यमा एउटा छ, परिष्कृत साहित्य– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा परिष्कृत साहित्य भन्नाले परिष्कार पुगेको मौलिक र जीवनवादी साहित्यलाई लिनुपर्छ। परिष्कृत साहित्य छँदैछैन भन्न सकिन्न, तर अरू छ प्रकारका साहित्यको दाँजोमा यो साह्रै कम पाइन्छ।

परिष्कृत साहित्य अलिकति 'क्रीत' पनि हुन्छ किनभने समाजले यसलाई धेरैधेरै मोल परे पनि किनेर पढ्छ। अलिकति विकृत पनि हुन्छ, किनभने यहाँ मानवीय प्रवृत्ति तथा सामाजिक विकृतिहरूलाई कलात्मक ढङ्गले देखाएर सुधार्ने सजगता पनि दिइएको हुन्छ। अलिकति अधिकृत पनि हुन्छ, किनभने यो प्रतिभा, परिश्रम र अध्ययन एवं अनुभवले भाषा र साहित्यका अधिकारप्राप्त मस्तिष्क र मुटुको समन्वयबाट सिर्जना भएको हुन्छ। अलिकति स्वीकृत पनि हुन्छ तर यो स्वीकृति कुनै आफ्ना मान्छे भएको बोर्ड वा समितिबाट होइन, सबै किसिमका पाठक भएको समाजबाट। अलिकति अनुकृत पनि हुन्छ, किनभने यहाँ जीवन र जगत्‌को राम्रो, नराम्रो दुवै पक्ष इमानदारीसाथ अनुकरण गरिएको हुन्छ र अलिकति निजीकृत पनि हुन्छ जसमा लेखकले पूर्णतः निजी शैली र स्वरूप छोडेको हुन्छ र बीचको जुनसुकै एक पङ्क्ति

पढ्दा पनि यो फलानाको भनी ठ्याक्कै भन्न सकिन्छ ।

तर तपाईंलाई मात्र भनेको, उपल्ला पाँच प्रकारका साहित्य (निजीकृतबाहेक) मैले पनि निकै लेखें हुँला, तर परिष्कृत साहित्य भनेर अहिलेसम्म लेखेकोमा खोइ कुनचाहिँ देखाऊँ, तपाईंलाई त म पक्कै ढाँट्न सक्छु, तर आफैंलाई ढाँट्न पो धौधौ पर्दो रहेछ । छातीमा हात राखेर भन्नोस्, (भन्नु पर्दैन, आफैं गम्नोस्) साहित्यकार हुनुहुन्छ भने तपाईंलाई पक्कै मेरै जस्तो अनुभव भएको होला । तर डर छैन, यो सातसूत्रीय साहित्यदर्पण पढेर आफ्नोआफ्नो कृतिहरूको समीक्षा गर्दै जान थाले भने एक दिन लाटाको खुट्टो पनि बाटो' कस्सो परोइन ? (माफ राख्नुहोला– मैले यो सम्पूर्ण 'म' को प्रयोग १०% मात्र गरेको छु, हिजोआज एउटा लेखमा ५०% सम्म मपाईंको प्रयोग गर्ने अधिकार लेखक– खास गरेर समीक्षकहरूलाई प्राप्त छ। हुन पनि मपाईंमहिमा नमिसाए लेखकको स्तर कसरी उठ्छ र हगि ?)

**प्रतिबिम्बबाट**